**सर्वोच्च अदालत, संयुक्त इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश डा. श्री कुमार चुडाल**

**आदेश**

**रिट नं.: ०७७-WO-०९७३**

**विषय: उत्प्रेषण समेत**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १६, पतकोटोल बस्ने रुक्सना कपाली.......................................................................................१ रिट निवेदक

विरूद्ध

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं.......................................................................................१

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खु, काठमाडौं.......................१

त्रिभुवन विश्वविद्यालय, उपकुलपतिको कार्यालय, कीर्तिपुर, काठमाडौं.....................१

राष्ट्रिय परीक्षा बोर्ड, ठिमी, भक्तपुर...........................................................१

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं........................................१

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं............१

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं.......................................................................................१ विपक्षी

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, सिंहदरबार, काठमाडौं.......................१

जिल्ला प्रशासन कार्यालय, ललितपुर...........................................................१

जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, कनिबहाल, ललितपुर.......................१

ललितपुर महानगरपालिकाको कार्यालय, ललितपुर............................................१

ललितपुर महानगरपालिका वडा नं. १६ को कार्यालय, धौगल, ललितपुर...............१

राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर.......................................१

राहदानी विभाग, कान्तिपथ, काठमाडौं..........................................................१

निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं..........................................................१

इडेम गार्डेन आवासीय विद्यालय, ललितपुर महानगरपालिका, वडा नं. २२, ललितपुर..................................................................................................१ **विपक्षी**

नेपालको संविधानको धारा ४६ तथा १३३ बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. **रिट निवेदनको व्यहोराः**

म निवेदक नेपाली नागरिक हुँ। म पारलैङ्गिक महिला (Transgender Woman) हुँ। मेरो लैङ्गिक पहिचान महिला हो। नेपाली नागरिक भएका नाताले संविधान तथा कानूनद्वारा संरक्षित शिक्षा लगायतका मौलिक हकको उपभोग गर्न पाउनु, वास्तविक लैङ्गिक पहिचान सहितको आत्मसम्मानपूर्ण जीवन बाँच्न पाउनु एवं राज्यका स्रोतसाधनहरूमा समान पहुँच पाउनु मेरो आधारभूत मानव अधिकार हो। तर म निवेदक पारलैङ्गिक महिला भएकाले मलाई उल्लिखित अधिकारहरूबाट वञ्चित गरिएको छ। त्रिभुवन विश्वविद्यालयले मैले पेश गरेको त्रिभुवन विश्वविद्यालय रजिष्ट्रेशन फारम (TU Registration Form) दर्ता गर्न इन्कार गरेका कारण म उच्च शिक्षा अध्ययन गर्नबाट वञ्चित छु। मेरो नागरिकता र शैक्षिक प्रमाणपत्र लगायतका कानूनी कागजप्रमाणमा उल्लिखित व्यक्तिगत विवरण मेरो लैङ्गिक पहिचानबमोजिम संशोधन हुन नसक्दा मेरो आत्मसम्मानमा गम्भीर चोट पुग्न गएको छ। साथै सञ्चारमाध्यमहरू लगायत राज्यका विभिन्न निकायहरूबाट मेरो व्यक्तिगत विवरणहरूको गोपनीयता भङ्ग हुने कार्य भएको छ, अपमानजनक टिप्पणीहरूको सामना गर्नु परेको छ। यस्ता समस्याहरूको समाधानका लागि विपक्षी निकायहरूसँग पटक-पटक मौखिक र लिखित निवेदन गर्दा समेत कुनै सुनुवाई हुन नसकेकाले बाध्य भई म माथि भएको अन्यायको सम्बोधन तथा संविधान प्रदत्त मौलिक हकको प्रचलनका लागि अन्य वैकल्पिक उपचारको अभावमा प्रस्तुत निवेदन लिई सम्मानित अदालतको शरणमा आएको छु।

लैङ्गिक पहिचान व्यक्ति हुर्कँदै जाने क्रममा निजले गर्ने आफ्नो लैङ्गिकता सम्बन्धीको अनुभूतीबाट थाहा हुँदै जाने विषय हो। पारलैङ्गिक व्यक्ति (Transgender person ) भन्नाले जन्मँदा इङ्गित गरिएको लैङ्गिकता भन्दा फरक लैङ्गिक पहिचान भएका व्यक्तिहरू हुन्। पारलैङ्गिक महिला (Transgender Woman/Trans Woman) भन्नाले जन्मँदा यौनाङ्गको आधारमा बालक/केटा भनेर इङ्गित गरिएका महिलाहरू हुन्। पारलैङ्गिक पुरुष (Transgender

Man/Trans Man ) भन्नाले जन्मँदा यौनाङ्गको आधारमा बालिका/केटी भनेर इङ्गित गरिएका पुरुषहरू हुन्। म निवेदक नेपाल संवत् १११९।०५।१६ मिति २०५५।११।२० मा ललितपुर जिल्ला साविक ललितपुर उ.म.न.पा. वडा नं. १८ हाल ललिलपुर म.न.पा. वडा नं. १६ मा जन्मिएँ। मलाई जन्मँदा यौनाङ्गको आधारमा बालक इङ्गित गरिएको थियो। मेरो अभिभावक तथा परिवारले हाम्रो परम्परानुसार 'मचा बू ब्यङ्केगु' रीति गर्दै मलाई एउटा नाम राखे। त्यसपछि मेरो जन्मदर्ता बनाउनेदेखि स्कूल भर्ना गर्दा त्यही नाम र लैङ्गिक विवरण प्रयोग गरियो। मेरो जन्मदर्ता लगायतका विद्यालय स्तरका शैक्षिक प्रमाणपत्र सोही नाम र लैङ्गिक विवरणको आधारमा बने/बनाइए। मलाई समाजले सानैदेखि 'केटा' भनेर भने, हेरे र त्यसरी नै हुर्काए। तर मैले सानै उमेरदेखि आफूलाई 'केटी' भनेर हेरें र बुझें। कक्षा १० एस.एल.सी. उत्तीर्ण गरिसकेपछि मैले मेरो वास्तविक लैङ्गिक पहिचानको अनुसार नै जीवनयापन गर्ने र आफ्नो पहिचान स्थापना गर्ने निर्णय लिएँ। मैले आफ्नो लागि आफ्नो लैङ्गिक पहिचानको प्रतिनिधित्व गर्ने नाम 'रुक्सना' छानें र त्यसैगरी आफूलाई महिला भनी चिनाउन थालें। मैले मेरो वास्तविक पहिचान अनुसार नै नागरिकता प्राप्त गर्न खोजें। मिति २०७२।०३।११ मा मैले नागरिकता प्राप्त गरें तर तत्कालिन अधिकारीहरूले प्रचलित कानूनी व्यवस्थाका कमीकमजोरी देखाउँदै नागरिकतामा मेरो वास्तविक लैङ्गिक पहिचान 'महिला' उल्लेख गरी जारी गर्न नमानी लैङ्गिक महलमा "अन्य" उल्लेख गरी जारी गरे। त्यसपश्चात् मैले मलाई शिशु अवस्थामा राखिदिएको नाम र मेरो आफ्नो नाम 'रुक्सना' एकै व्यक्तिको हो भन्ने व्यहोरा उल्लेख गरेको सिफारिस आफ्नो वडा कार्यालयबाट प्राप्त गरें। मेरो कागजप्रमाणहरू आफ्नो लैङ्गिक पहिचान अनुसार संशोधन नहुँदा यस्तो सिफारिस लिनुपर्ने अवस्था सृजना भएको अवस्था छ।

वास्तवमा म कहिल्यै पनि पुरुष थिइनँ। म महिला नै हुँ। फरक यति हो कि पहिले सामाजिक रीति अनुसार यौनाङ्गको आधारमा जुन लैङ्गिकता इङ्गित गरी हुर्काइयो, त्यसै अनुरूप जीवन यापन गर्ने बाध्यता थियो भने अहिले मैले ती सामाजिक बन्धनहरूबाट आफूलाई मुक्त गरी आफ्नो स्वअनुभूतिकै लैङ्गिक पहिचानमा जीवन यापन गर्दैछु। मैले आफ्नो लैङ्गिकतालाई कसरी अनुभव गरेको छु, यसको व्याख्या गर्ने अधिकार ममा मात्र निहित छ। स्वअनुभूतिको आधारमा लैङ्गिक पहिचान पाउनु व्यक्तिको आत्मनिर्णयको अधिकार पनि हो, तर मैले यो अधिकार उपभोग गर्न पाएको अवस्था छैन। मैले मेरो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान नपाउनु; ने.का.प. २०७४, अङ्क ९, नि.नं. ९८७५, ने.का.प. २०७४, अङ्क १२, नि.नं. ९९२१ समेतमा प्रतिपादित कानूनी सिद्धान्तहरु समेतको प्रतिकूल छ। अर्कोतर्फ,

मेरो गोपनीयताको हकको हनन् समेत भएको अवस्था छ। नेपालको संविधानको धारा २८ ले कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखित, तथ्यांक, पत्राचार, र चरित्र सम्बन्धी विषयको गोपनीयताको हक सुनिश्चित गरेको छ। वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ३ ले व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयता र ऐ. ऐनको दफा ११ ले लिखतको गोपनीयता सुनिश्चित गरेको छ। गोपनीयताको हक (Right to privacy) अन्तर्गत पर्ने विस्मृतिको हक (Right to be forgotten) वा मेटिन पाउने हक (Right to erasure) पनि म र म जस्ता पारलैङ्गिक व्यक्तिहरूले आफ्नो पहिचान अनुसारको परिचय स्थापित गर्नका लागि आवश्यक हुन्छ। मैले आफ्नो स्वअनुभूतिको लैङ्गिक पहिचान अनुसारको परिचय स्थापना गरिसकेपछि वा गर्ने प्रयास सुरु गरिसकेपछि मेरो मृतनाम र मृतलैङ्गिकता सम्बन्धी गोपनीयता कायम हुनु पर्नेमा सो हुन सकेको छैन।

मैले मिति २०७२।०३।११ मा प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा लिङ्ग "अन्य" उल्लेख हुँदा अन्य ठाउँमा लिङ्ग महिला कायम गर्न सकिएको छैन। मेरो लैङ्गिक विवरणमा लिङ्ग महिला हुने गरी मेरो नागरिकताको प्रमाणपत्र संशोधनको लागि म गृह मन्त्रालय लगायतका विपक्षीहरुसमक्ष पटक-पटक गएँ, अनुरोध गरेँ तर मैले नागरिकता संशोधनको लागि निवेदन, गुनासो गर्दै अनेकौं प्रयास गर्दा पनि विपक्षीहरुबाट कुनै पनि सुनुवाई नभएको अवस्था छ। TU Registration Form दर्ता हुन नसक्दा मेरो उच्च शिक्षाको बाटो पनि बन्द भएको छ। बच्चा अवस्थाको नाम संशोधन भई रुक्सना कपाली भए पनि लिङ्ग महिला कायम गर्न नसकी मैले आफ्नो स्वअनुभूतिको लैङ्गिक पहिचान नै नपाएको अवस्था छ। तसर्थ, मउपरको यस्तो अवस्था नेपालको संविधानको धारा १, १२, १६, १७, १८, २७, २८, ३१, ३३, ३५, ३७, ३८, ३९, ४२ एवं UDHR, ICCPR, CEDEW जस्ता अन्तर्राष्ट्रियको मानव अधिकार कानून तथा न्यायिक अभ्यास समेतका विपरीत रहेको हुँदा मेरो व्यक्तिगत परिचय जनाउने कागज प्रमाणहरुमा रहेका अन्य नाम तथा लैङ्गिक विवरण बदर गरी मेरो नाम "रुक्सना कपाली" र लैङ्गिक विवरण "महिला" कायम गर्नू, गराउनू र मृतनाम तथा मृतलैङ्गिकता सम्बन्धी विवरणको अभिलेखहरुमा गोपनियता कायम गर्नू, गराउनू भनी विपक्षीहरुका नाउँमा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाऊँ।

२. **यस अदालतको प्रारम्भिक आदेशः**

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र लिखितजवाफ पेश गर्नू भनी

विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नू। साथै, निवेदकले अन्तरिम आदेशको माग गरेतर्फ विचार गर्दा, दुवै पक्ष राखी छलफल गराई विचार गर्न उपयुक्त हुने देखिएकोले अन्तरिम आदेश छलफल सम्बन्धमा मिति २०७८।०१।१३ को पेशी तारेख तोकी सोको सूचना विपक्षीहरु र महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेश गर्नू भन्ने यस अदालतबाट मिति २०७७।१२।३१ मा भएको आदेश।

३. <u>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लिखितजवाफः</u>

रिट निवेदकले यस मन्त्रालयका नाउँमा कुनै प्रकारको आदेश जारी गर्न माग समेत नगरी केवल अनावश्यक रुपमा विपक्षी मात्र बनाएको देखिन्छ। रिट निवेदनमा कसैलाई विपक्षी बनाउनु मात्र पर्याप्त हुँदैन, विपक्षी बनाउनु पर्ने मनासिव आधार र कारण पनि खुलाउनु पर्ने हुन्छ। यस मन्त्रालयको के कस्तो काम, कारवाहीबाट रिट निवेदकको नेपालको संविधान र प्रचलित कानूनद्वारा प्रदत्त कस्तो हक अधिकार हनन् हुन गएको हो भन्ने रिट निवेदकले आफ्नो रिट निवेदनमा कहिंकतै खुलाउन सकेको अवस्था छैन। सम्बन्धित निकायको सिफारिस सहित आएमा शैक्षिक अभिलेख वा कुनै पनि शैक्षिक प्रमाणपत्र संशोधनका लागि निवेदकलाई कुनै पनि कानूनले रोकेको अवस्था छैन। सामान्यतः निजलाई आफ्नो लैङ्गिक पहिचान कायम गरी शैक्षिक प्रमाणपत्र लिन वा संविधानले प्रत्याभूत गरेको कुनै पनि प्रकारको संवैधानिक र कानूनी हक अधिकारको उपयोग गर्न शिक्षा सम्बन्धी कुनै पनि ऐन, नियम वा निर्देशिकाले बाधा अवरोध सृर्जना गरेको छैन। तसर्थः यस मन्त्रालयको कुनै पनि काम कारवाही वा यस मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, निर्देशिकाबाट रिट निवेदकको संवैधानिक एवं कानूनी हक हनन् नभएको तथा पहिचान खोज्ने रिट निवेदक समेतका सबै प्रकारका लैङ्गिकयुक्त नेपाली नागरिकको हक अधिकारको संरक्षणको लागि प्रतिबद्ध रहेको यस मन्त्रालयलाई समेत विपक्षी कायम गरी कुनै स्पष्ट आधार, कारण बिना हचुवाको भरमा दायर गरेको प्रस्तुत रिट निवेदनको कुनै अर्थ र औचित्य सावित हुन नसक्ने हुँदा रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको लिखित जवाफ।

४. <u>गृह मन्त्रालयको लिखित जवाफः</u>

गृह मन्त्रालय संविधान एवं कानूनप्रद्दत नागरिकका हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सदा कटिबद्ध रहेको छ। संविधान र अन्य प्रचलित कानूनमा व्यवस्था गरिएका हक अधिकार प्रत्येक नागरिकको लागि समान रुपमा लागू हुने र त्यस्तो कानूनद्वारा प्रदान

गरिएको हक अधिकारबाट बञ्चित गर्ने कुनै पनि आदेश दिइएको छैन। जहाँसम्म निवेदकको माग दावी बमोजिमको व्यक्तिगत कागज प्रमाणहरुमा उल्लिखित नाम तथा लैङ्गिक विवरणमा वास्तविक लैङ्गिक पहिचान अनुसार लैङ्गिक विवरण महिला र नाम रुक्सना कपाली उल्लेख गरी नागरिकता प्रमाणपत्र संशोधन गर्न गराउन माग रहेकोमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ को उपदफा (१) मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ भनी सोही उपदफाको स्पष्टीकरण खण्डमा यस उपदफाको प्रयोजनको लागि "सानातिना त्रुटि" भन्नाले नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तैः "कुमारी", "देवी", "बहादुर", "प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकारमा फरक परेको वा यस्तै अन्य सानातिना त्रुटिलाई जनाउनेछ भनी व्यवस्था गरेको हुनाले कुनै पनि विषयमा के कस्तो कानून निर्माण वा संशोधन गर्नुपर्ने भन्ने विषय विधायिकाको अधिकारक्षेत्रभित्र पर्ने विषय भएको हुनाले यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कुनै पनि आधार कारण छैन। विना आधार र कारण यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी गृह मन्त्रालयको लिखित जवाफ।

५. <u>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफः</u>

यस मन्त्रालयको के कस्तो कामकारवाही वा निर्णयबाट निवेदकको के कस्तो कानूनी तथा संवैधानिक अधिकारमा आघात पुग्न गएको हो? सो सम्बन्धमा रिट निवेदनमा कुनै कुरा उल्लेखसम्म गर्न सकेको छैन। नेपालको संविधानको धारा १२ मा वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था रहेको छ। नेपाल नागरिकता ऐन, २०६३, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६, राहदानी ऐन, २०७६, मतदाता नामावली ऐन, २०७३ मा क्रमशः नागरिकताको प्रमाणपत्र, जन्मदर्ता, राहदानी र मतदाता परिचयपत्र प्राप्ति सम्बन्धी व्यवस्था गरी उक्त प्रमाणपत्रमा उल्लिखित विवरणहरुमध्ये केही निश्चित विवरण सच्याउन सकिने व्यवस्था समेत रहेको छ। जहाँसम्म उक्त प्रमाणपत्रहरुमा उल्लिखित लैङ्गिक पहिचानसँग सम्बन्धित कुरा संशोधन गर्ने विषय छ, सो सम्बन्धमा नागरिकता लगायतका प्रमाणपत्रमा गरिने सामान्य संशोधनले पनि पार्ने असर (chain of effect) को विश्लेषण हुन जरुरी हुन्छ। नागरिकताको प्रमाणपत्र राज्य र नागरिक

बीचको कानूनी सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण लिखत भएको र नागरिकता प्राप्ति पश्चात जारी गरिने व्यक्तिका विभिन्न कानूनी लिखतहरु सोही नामका आधारमा जारी गरिने हुँदा नागरिकतामा गरिने सामान्य परिवर्तनले निजलाई मात्र नभई निजसँगको कानूनी सम्बन्धका आधारमा गरिने अन्य व्यक्तिको काम कारवाहीमा समेत प्रभाव पार्ने कुरालाई मनन् गरी विधायिकाले नागरिकता लगायतका प्रमाणपत्र संशोधनका सम्बन्धमा सावधानी अपनाएको पाइन्छ। त्यस्तो प्रमाणपत्रमा गरिने संशोधन वा परिवर्तनले व्यक्ति स्वयंलाई संविधान र कानूनप्रदत्त हक अधिकार उपभोग गर्ने क्रममा समेत असहज तथा अन्यौलताको अवस्था सृजना हुन्छ। साथै राज्यबाट प्रवाह हुने सेवा र राज्यप्रतिको नागरिकको कर्तव्यलाई स्पष्टता कायम गर्ने अभिप्रायले गरिएको कानूनी व्यवस्थालाई अन्यथा भन्न मिल्ने हुँदैन। संविधान तथा कानूनप्रदत्त निवेदकको गोपनियताको अधिकार संरक्षण हुनुपर्ने कुरामा कुनै दुविधा छैन। जहाँसम्म त्रिभुवन विश्वविद्यालयले रजिष्ट्रेशन फारम दर्ता गर्न इन्कार गरेको तथा अन्य शैक्षिक प्रमाणपत्रमा निवेदकको वास्तविक लैंगिक पहिचान उल्लेख गराउन इन्कार गरिएको भन्ने लगायतको निवेदन जिकिर छ, तत्सम्बन्धमा त्रिभुवन विश्वविद्यालय लगायतका सम्बन्धित निकायको लिखित जवाफबाट प्रष्ट हुने नै हुँदा प्रस्तुत लिखित जवाफमा थप उल्लेख गरिरहनु परेन। रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ।

६. <u>राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको लिखित जवाफः</u>

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग संविधान एवं कानूनप्रदत्त नागरिकका हक अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सदा कटिबद्ध रहेको छ। संविधान र अन्य प्रचलित कानूनमा व्यवस्था गरिएका हक अधिकार प्रत्येक नागरिकको लागि समान रुपमा लागू हुने र त्यस्तो कानूनद्वारा प्रदान गरिएको हक अधिकारबाट बञ्चित गर्ने कुनै पनि आदेश दिइएको छैन। जहाँसम्म निवेदकको माग दावी बमोजिमको व्यक्तिगत कागज प्रमाणहरुमा उल्लिखित नाम तथा लैङ्गिक विवरणमा वास्तविक लैङ्गिक पहिचान अनुसार लैङ्गिक विवरण महिला र नाम रुक्सना कपाली उल्लेख गरी नागरिकता प्रमाणपत्रको संशोधन गर्न गराउन माग रहेकोमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ को दफा २५ मा यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर नाम, थर वा अन्य विवरण यस ऐनबमोजिम एकपटक दर्ता भई प्रमाणपत्र प्रदान गरिएपछि सच्याउनु परेमा त्यसको लागि सम्बन्धित व्यक्तिले त्यस्तो प्रमाणपत्र लिएको एक वर्षभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिन सक्नेछ भन्ने व्यवस्था रहेको र सोको नियमावली, २०७७ को नियम २३ मा

व्यक्तिगत घटना दर्ताको विवरण सच्याउनु परेमा सम्बन्धित व्यक्तिले अनुसूची २६ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने प्रावधान रहेको देखिन्छ। यद्यपि निवेदकको माग बमोजिम लैङ्गिक पहिचान अनुसार लैङ्गिक विवरण र नाम संशोधन गर्न गराउन सक्ने सम्बन्धमा उल्लिखित ऐन र नियमावलीमा कहिंकतै उल्लेख भएको नदेखिएकोले कुनै पनि विषयमा के कस्तो कानून निर्माण वा संशोधन गर्नुपर्ने भन्ने विषय विधायिकाको अधिकारक्षेत्रभित्र पर्ने विषय भएको हुनाले यस विभागलाई विपक्षी बनाउनुपर्ने कुनै पनि आधार कारण छैन। विना आधार र कारण यस विभागलाई समेत विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको लिखित जवाफ।

७. <u>नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफः</u>

नेपाल सरकार, मन्त्रिपरिषदको के कस्तो काम, कारवाहीबाट निवेदकको हक अधिकारको हनन् भएको हो निवेदनमा उल्लेख भएको छैन। नेपालको संविधानको धारा १० देखि धारा १५ सम्ममा नागरिकतासम्बन्धी व्यवस्थालाई संवैधानिक रुपमा नै सुनिश्चित गरेको छ। संविधानले बंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता पाउने सम्बन्धमा धारा १२ मा "यो संविधानबमोजिम बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकता प्रमाणपत्र पाउन सक्नेछ" भनी उल्लेख गरेको छ। नेपालको संविधान जारी भएपछि संविधान बमोजिम नागरिकता ऐन, २०६३ मा संशोधन गर्नुपर्ने विषयहरुमा संशोधनको लागि संशोधन विधेयक संघीय संसदमा पेश भैसकेको छ। नेपाल नागरिकता ऐन, २०६३ तथा नेपाल नागरिकता नियमावली, २०६३ ले निर्धारण गरेको विधि, प्रक्रिया र कार्यविधिको अवलम्बन गरी नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि सम्बन्धित निकायमा निवेदन दिई नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था गरिएको छ। साथै यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरूलाई लिङ्गको महलमा अन्य जनाई नागरिकता जारी गर्नेसम्बन्धी निर्देशिका, २०६९ ले नेपालको प्रचलित कानूनबमोजिम नागरिकता प्राप्त गर्न योग्य भएका निवेदक जस्ता व्यक्तिहरूले सम्बन्धित स्थानीय निकाय र शैक्षिक संस्थाको अभिलेखबमोजिम सिफारिस भई आएमा त्यस्ता व्यक्तिको हकमा लिङ्गको ठाउँमा अन्य लेखी व्यक्तिको पहिचान खुल्ने गरी नागरिकता जारी गर्ने सम्बन्धमा कानूनमा व्यवस्था भैसकेको अवस्था छ।

निवेदकले आफ्नो दावी के कुन आधारमा गर्नु भएको हो त्यसको कानूनी आधार खुलाउन सकेको देखिँदैन। सरकारी कागजात सच्याउने सम्बन्धमा "उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७" जारी भएकै छ। प्रस्तुत नियमावलीको नियम ३ मा कुनै व्यक्तिले आफ्नो प्रमाणपत्रमा रहेको उमेर, नाम र जात सच्याउन चाहेमा प्रमुख जिल्ला अधिकारीसमक्ष दरखास्त दिनुपर्ने र प्रमुख जिल्ला अधिकारीले निजसँग भएको सबूद प्रमाण र आवश्यकतानुसार साक्षी सरजमिन समेत बुझी अन्तिम निर्णय गर्नसक्ने व्यवस्था रहेको छ। त्यस्तै ऐ. को नियम ६ मा त्यसरी कागजात सच्याउन उक्त प्रमाणपत्र प्राप्त गरेको छ महिनाभित्र निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था गरेको छ। त्यस्तै ऐ. को दफा १८ मा यस ऐनमा लेखिएकोमा बाहेक कुनै अधिकारीले दिएको आदेशबाट मर्का पर्ने कुनै व्यक्तिले दोहोऱ्याई हेरी पाउन नेपाल सरकारसमक्ष निवेदन गर्न सक्ने व्यवस्था गरिएको छ। प्रस्तुत व्यवस्थाबमोजिम कसैले आफ्नो नागरिकतामा भएको विवरणमा सच्याउनपर्ने भए सोही दफा १७ बमोजिम निवेदन गर्न सक्ने र सोमा चित्त नबुझेमा पैतीस दिनभित्र नेपाल सरकारसमक्ष निवेदन गर्न सक्नेमा सो नगरी रिट क्षेत्राधिकारबाट नागरिकता सच्याई पाउँ भनी दायर निवेदन आफैमा कानूनसम्मत छैन। मुलुकमा के कस्तो कानून जारी गर्ने भन्ने विषय विधायिकी बुद्धिमत्ताको विषय हो। यौनिक तथा लैङ्गिक अल्पसंख्यकको पहिचान तथा संरक्षणको लागि आवश्यक नीतिगत व्यवस्थाका साथै नेपालले अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिबद्धताको कार्यान्वयनमा नेपाल सरकार दृढ रहेको छ। नेपाल सरकारबाट भएका काम कारवाहीबाट कसैको वैयक्तिक स्वतन्त्रतामा असर पुगेको अवस्था नभएको हुँदा प्रस्तुत निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

८. <u>जिल्ला शिक्षा विकास तथा समन्वय इकाई, ललितपुरको लिखित जवाफ:</u>

शिक्षा ऐन, २०२८ को दफा ४८ को प्रतिबन्धात्मक वाक्यांशमा आधारभूत तहको परीक्षा जिल्ला शिक्षा कार्यालयबाट हुने उल्लेख भएको र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. १५७०, मिति २०७५।०१।१९ को पत्रानुसार साविक जिल्ला शिक्षा कार्यालयबाट सम्पादन हुँदै आएको काम समेत यस इकाइबाट सम्पादन हुदै आएको छ। त्यसैगरी शिक्षा,

विज्ञान तथा प्रविधि मन्त्रालयको च.नं. ३७९, मिति २०७६।११।२७ को पत्रसाथ मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत "आधारभूत तह कक्षा आठको परीक्षा संचालन तथा प्रमाणीकरण सम्बन्धी मापदण्ड, २०७६" को दफा १५ मा परीक्षा समितिले प्रमाणपत्र दिनुपर्ने उल्लेख भएको र सो प्रमाणपत्रको ढाँचा सोही मापदण्डको अनुसूची- २ मा व्यवस्था गरिएको छ। यस इकाइबाट प्रचलित कानूनबमोजिम गरेको काम कारवाहीले निवेदकको संविधान तथा कानूनप्रदत्त कुनै पनि हक अधिकार हनन् भएको छैन। विपक्षी रिट निवेदकले रिट निवेदनको प्रकरण नं. ५.११ मा कक्षा आठको DLE प्रमाणपत्र संशोधनको लागि यस इकाइमा निवेदन दिंदा नाम संशोधन गरिएको तर लैङ्गिक विवरणमा "अन्य" उल्लेख गरेको भनी खुलाउनुभएको छ। सो सम्बन्धमा आवश्यक कागजात, प्रमाणको आधारमा निजको नाम संशोधन भएको विपक्षीले नै स्वीकार गर्नुभएको छ। निजको आफैले भरेका विररण तथा प्रचलित कानूनको अधिनमा रही निजको लैङ्गिक विवरणमा "अन्य" राखी संशोधन गरिएको हो। यसरी, विपक्षी रिट निवेदककै सहमतिमा निजले पेश गरेको प्रमाण कागजातको आधारमा निजको नाम तथा लैङ्गिक विवरण समेत सच्चाइएकोले सो कार्यबाट विपक्षीको कुनै संवैधानिक तथा कानूनी अधिकार हनन् नभएकोले रिट निवेदन खारेजभागी छ, खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ, ललितपुरको लिखित जवाफ।

९. **जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखित जवाफः**

रिट निवेदकले नागरिकता प्रमाणपत्र नम्बर २८-०१-७२-००९११ मिति २०७२।०३।११ मा नेपाली नागरिकता प्रमाणपत्र प्राप्त गर्दा नाम रुक्सना कपाली, जन्ममिति २०५५।११।२०, बाबुको नाम, थर गोपाल दर्शनधारी, आमाको नाम, थर कल्पना कपाली, ठेगाना ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. १६ र लिङ्ग अन्य राखी नेपाली नागिरकता प्रमाणपत्र प्राप्त गरिसकेको अवस्था छ। निजले उक्त नेपाली नागरिकता लिंदा पेश गरेका शैक्षिक प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र लगायतका कागज प्रमाणको आधारमा नै लिङ्गमा अन्य राखी नेपाली नागरिकता प्रमाणपत्र जारी भएको हो। निज रुक्सना कपालीले हाल आएर मैले प्राप्त गरेको नागरिकता प्रमाणपत्र नम्बर २८-०१-७२-००९११ मिति २०७२।०३।११ को नेपाली नागरिकता प्रमाणपत्रको लिङ्गको महलमा महिला उल्लेख गरी नागरिकता प्रमाणपत्र संशोधन गरी पाऊँ भनी २०७६ साल फागुन २२ गते ललितपुर महानगरपालिका, वडा नं. १६, वडा कार्यालयको सिफारिस लिई निवेदन पेश गरेको हुँदा निजलाई महिला भएको व्यहोराको नागरिकता प्रमाणपत्र संशोधन गरिदिनको लागि

डाक्टरबाट महिला भएको व्यहोरा प्रमाणित गरी लिएर वा अन्य कुनै प्रमाण कागज पेश गर्न भनिएको र उक्त प्रमाण पेश गरेको अवस्थामा निजलाई महिला उल्लेख गरी उक्त नागरिकता प्रमाणपत्र संशोधन गरी दिने भनी मौखिक जानकारी गराइएको हो। निजलाई नेपाली नागरिकताको प्रमाणपत्रमा संशोधन गरी लिङ्गको महलमा महिला उल्लेख गरेर दिनको लागि प्रमाण कागजातहरु समेत पेश गर्ने दायित्व निवेदक स्वयंको हुन्छ। नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ मा विवरण सच्याउने भनी उपदफा (१) मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ भन्ने कानूनी प्रावधान रहेको हुँदा निजले महिला भएको प्रमाण पेश गरेको अवस्थामा लिङ्गको महलमा महिला उल्लेख गरी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपि नेपाली नागरिकता प्रमाणपत्र दिइने नै छ। अतः विपक्षी रिट निवेदकको जिकिरमा कुनै सत्यता नभएकोले रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखित जवाफ।

१०. <u>निर्वाचन आयोगको लिखित जवाफः</u>

यस आयोगको के कस्तो काम कारवाही वा निर्णयबाट निवेदकको के कस्तो संवैधानिक तथा कानूनी हक अधिकारको हनन् भएको हो? सो सम्बन्धमा रिट निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। मतदाता नामावली ऐन, २०७३ को दफा ६ ले नेपाली नागरिकको नाम मतदाताको रुपमा मतदाता नामावलीमा दर्ता गरिने व्यवस्था गरेको छ। ऐ. ऐनको दफा २७ ले आयोगले फोटो सहितको मतदाता नामावलीमा नाम समावेश भएको मतदातालाई मतदाता परिचयपत्र उपलब्ध गराउनेछ भन्ने कानूनी व्यवस्था रहेको छ। मतदाता नामावली फाराम र Biometric base voter registration system (BBVRS) मा मतदाताले पेश गर्ने आधार प्रमाण नागरिकतामा जे उल्लेख भएको छ सोही विवरण BBVRS मा समावेश गर्न सकिन्छ। आयोगले फोटो तथा जैविक विवरण सहितको मतदाता नामावली संकलनका लागि (BBVRS) सफ्टवयर प्रयोग गर्दै आइरहेको छ। गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयबाट जारी भएका नागरिकतामा उल्लिखित विवरणको आधारमा आयोगले मतदाताहरुको विवरण संकलन गरिरहेको छ। यस्तो अवस्थामा सम्बन्धित निकायबाट नागरिकताको विवरण सच्चाई वा निवेदकले दावी लिएबमोजिम लैङ्गिक पहिचान जनाउने शब्द उल्लेख भई आएको अवस्थामा सोहीबमोजिम मतदाता नामावली संकलन गर्ने र सोही

नामावलीको आधारमा मतदाता परिचयपत्र उपलब्ध गराउन सकिने नै हुँदा आयोगलाई विपक्षी बनाइएको हदसम्म प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी निर्वाचन आयोगको लिखित जवाफ।

११. <u>इडेन गार्डेन आवासीय विद्यालयको लिखित जवाफः</u>

रिट निवेदक यस विद्यालयमा मिति २०५८।०२।०८ मा भर्ना हुँदाका बखत यस विद्यालयमा पेश गरेको तत्कालिन ललितपुर जिल्ला, ललितपुर महानगरपालिकाको मिति २०५७।१२।३१ को दर्ता नं. १३३० को जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएबमोजिम विद्यालयबाट प्राप्त हुने कागजातमा सोही मृतनाम तथा लिङ्ग उल्लेख गरी दिइएको हो। रिट निवेदकले मिति २०७६।०२।२६ मा यस विद्यालयमा दिएको निवेदनमा कक्षा ८ को जिल्ला स्तरीय परीक्षाको Mark Sheet मा आफ्नो मृतनाम उल्लेख गरेको, २०७२ सालमा रुक्सना कपालीको नाममा नागरिकता लिएको र वडा कार्यालयबाट दुवै नामहरु एकै व्यक्तिका हुन् भनी प्रमाणिकरण सिफारिस समेत राखी नाम संशोधनका लागि जिल्ला विकास तथा समन्वय इकाईलाई सिफारिस गरी दिन दिएको निवेदनबमोजिम जिल्ला विकास तथा समन्वय इकाईलाई यस बिद्यालयबाट मिति २०७६।०३।०३ Ref. No. २०७६/०१९/०३ बाट सिफारिसपत्र प्रदान गरिएपश्चात् मिति २०७७।१०।११ मा रिट निवेदकले यस विद्यालयलाई पत्र लेखी आफ्नो नाम र लैङ्गिक विवरण संशोधन गर्न निवेदन गरेकोमा रिट निवेदकको परीक्षा नियन्त्रण कार्यालय सानो ठिमी, भक्तपुरको अभिलेखमा निजको नाम मृतनाम भएकोमा सो अभिलेखबमोजिमको चारित्रिक प्रमाणपत्र विद्यालयले जारी गर्ने हुनाले प्रथमतः सो विवरणमा संशोधन नभई बिद्यालयले मात्र संशोधन गर्न मिल्ने हुँदैन। त्यसकारण विपक्षी निवेदकबाट दायर भएको रिट निवेदन खारेजभागी रहेकोले खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी इडेन गार्डेन आवासीय विद्यालयको लिखित जवाफ।

१२. <u>राष्ट्रिय मानव अधिकार आयोगको लिखित जवाफः</u>

विश्वविद्यालयमा रजिष्ट्रेशन गर्ने, नागरिकताको प्रमाणपत्र प्रदान गर्ने, राहदानीको त्रुटि सच्याउने एवं मतदाता परिचयपत्र दिने जस्ता कार्यहरु यस आयोगसित सम्बन्धित नै नभएकाले असम्बन्धित विषयमा आयोगलाई विपक्षी बनाइएको छ। नेपालको संविधानको धारा २४९ तथा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा उल्लिखित काम, कर्तव्य र अधिकारमुताविक क्रियाशील रहेको यस आयोगको सबैले विभेदरहित तवरबाट मानव अधिकारको उपभोग गर्न पाउँनु पर्ने स्पष्ट मान्यता रहेको छ। रिट निवेदकलगायत सबैको मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्ने आफ्नो संवैधानिक कर्तव्यप्रति आयोग

सचेत र क्रियाशिल रहेकोले आयोगलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको विपक्षी राष्ट्रिय मानव अधिकार आयोगको लिखित जवाफ।

१३. **त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय तथा उपकुलपतिको कार्यालयको लिखित जवाफः**

त्रिभुवन विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ द्वारा संचालित विश्वविद्यालय हो। ऐ. ऐनको दफा ४ ले विश्वविद्यालय अविछिन्न उत्तराधिकारीवाला एक स्वशासित र संगठित संस्थाको रुपमा रहने व्यवस्था गरेको छ। त्यस्तै ऐनको दफा ५ मा विश्वविद्यालय काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरिएको छ। त्रिभुवन विश्वविद्यालयले जुन नामबाट SLC र +२ को प्रमाणपत्र प्राप्त गरेको छ सोही नामबाट नै विद्यार्थीलाई भर्ना गर्ने गर्दछ। +२ उत्तीर्ण नभएको विद्यार्थीले विश्वविद्यालयमा अध्ययन गर्न पाउदैनन्। निवेदकले आफ्नो रिट निवेदनमा रुक्सना कपालीको नामबाट नै S.L.C, +२ र नागरिकता प्राप्त गरेकोले सोही नामबाट भर्ना पाऊँ भनी दावी लिनसक्नु भएको छैन। विपक्षीले जुन नामबाट SLC, +२ र नागरिकता प्राप्त गर्नुभएको छ सोही नामबाट नै विश्वविद्यालयले भर्ना गर्ने र प्रमाणपत्र जारी गर्ने हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय तथा उपकुलपतिको कार्यालयको लिखित जवाफ।

१४. **ललितपुर महानगरपालिकाको कार्यालय तथा वडा नं. १६ को कार्यालयको लिखित जवाफः**

यस निकायले कसैलाई पनि ऐनद्वारा प्रदान गरिएको हक अधिकारबाट बञ्चित गर्ने कार्य गरेको छैन। स्थानीय सरकार संचालन ऐन, २०७४ ले जन्मदर्ता सच्याउन पाउने व्यवस्था गरेको छैन। केवल जन्मदर्ता सम्म गर्न पाउने अधिकार प्रदान गरेको छ। निवेदक आफैंले साविकमा एउटा नाम, पहिचान उल्लेख गरी शैक्षिक प्रमाणपत्र प्राप्त गरी सोही आधारमा नागरिकता प्रमाणपत्र समेत बनाई आएको र हाल यस महानगरपालिका र वडा कार्यालयमा जन्म दर्ता सच्चाइ पाऊँ भनी निवेदन दिनुभएकै आधारमा यस कार्यालय र वडा कार्यालय समेतबाट कानूनबमोजिम निवेदन मागदावी अनुसार लैङ्गिक विवरण सच्चाउन नमिल्ने हुँदा सो कार्य नभएको सम्म हो। निवेदकले अन्य निकायहरुबाट प्राप्त गर्नुभएको प्रमाणपत्रहरुमा संशोधन गरेर ल्याउनुभएको खण्डमा कानूनबमोजिम यस कार्यालयबाट जारी भएको जन्मदर्ता सच्याउन सकिने नै छ। वडा नं. १६ को कार्यालयमा स्वयं उपस्थित भई २ वटा नाम गरेको एकै व्यक्ति हो भनी मिति २०७२।०५।२३ मा नै सिफारिस प्राप्त गर्नु भएको कुरा स्वीकार गरेको अवस्थामा निवेदकको संविधान एवं कानूनप्रदत्त हकमा आघात हुने कार्य

यस कार्यालयबाट नभएको हुँदा विपक्षीको रिट निवेदन यस कार्यालयको हकमा खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षी ललितपुर महानगरपालिकाको कार्यालय तथा वडा नं. १६ को कार्यालयको लिखित जवाफ।

## आदेश खण्ड

१५. नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदनपत्र सहितको मिसिल अध्ययन गरी हेरियो।

१६. यिनै निवेदक रुक्सना कपाली समेतले दायर गरेको ०७७-WO-०६९५ को परमादेश समेत; ०७७-WO-१२४३ तथा ०७७-WO-१२४४ को उत्प्रेषण समेतका रिट निवेदनहरु यसै अदालतमा विचाराधीन रहेको देखिन्छ। तथापि, प्रस्तुत रिट निवेदन उल्लिखित रिट निवेदनहरुभन्दा स्वतन्त्र भएको तथा निवेदनका विषयवस्तु तथा कानूनी प्रश्न एकआपसमा अटुट रुपमा अन्तरसम्बन्धित नरहेको भनी निवेदक तथा निजका कानून व्यवसायीले बहसका क्रममा व्यक्त गर्नुभएको सन्दर्भमा अन्य मुद्दाबाट अलग गरी प्रस्तुत रिट निवेदनको न्याय निरुपण गर्न बाधा पर्ने देखिन आएन।

१७. रिट निवेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री संजय अधिकारीले निवेदक पारलैङ्गिक महिला हुन्। निजको मिति २०५५।११।२० मा ललितपुर जिल्ला, ललिलपुर म.न.पा., वडा नं. १६ मा जन्म भएको हो। निजलाई जन्मँदा यौनाङ्गको आधारमा केटा भनी पहिचान गरियो, त्यसै अनुसार नाम पनि राखियो। निवेदकले आफू महिला रहेको अनुभूत गरे पश्चात आफ्नो नाम "रुक्सना" राखे तापनि मिति २०७२।०३।११ मा नागरिकता प्राप्त गर्दा लैङ्गिक महलमा "अन्य" उल्लेख गरी नागरिकताको प्रमाणपत्र दिइयो। धेरै प्रयास गर्दा पनि नागरिकता प्रमाणपत्रको लैङ्गिक महलमा रहेको "अन्य" को सट्टा "महिला" कायम गर्न विपक्षीहरुबाट इन्कार गरियो। त्यसपश्चात् वडा कार्यालयबाट शिशु अवस्थामा राखिदिएको नाम र वास्तविक नाम "रुक्सना" एकै व्यक्तिको हो भन्ने व्यहोरा उल्लेख गरेको सिफारिस लिन पर्यो। यसबाट निवेदकको आत्मसम्मानमा चोट पुगेको छ, उच्च शिक्षा अध्ययन गर्नबाट वञ्चित भएको अवस्था छ। स्वअनुभूतिको आधारमा लैङ्गिक पहिचान पाउनु व्यक्तिको संवैधानिक हक नै हो, यो हक निवेदकले उपभोग गर्न पाएको अवस्था छैन। त्यसकारण निवेदकको नागरिकताको प्रमाणपत्र लगायतका व्यक्तिगत परिचय जनाउने कागज प्रमाणहरुमा रहेका अन्य नाम तथा लैङ्गिक विवरण बदर गरी मेरो पक्षको नाम "रुक्सना कपाली" र लैङ्गिक विवरण "महिला" कायम गर्न तथा मृतनाम तथा मृतलैङ्गिकता गोपनीयता

कायम गर्न विपक्षीहरुका नाउँमा परमादेश लगायतको आदेश जारी गरिनु पर्दछ भन्ने समेत बहस प्रस्तुत गर्नुभयो।

१८. विपक्षी सरकारी निकायका तर्फबाट उपस्थित हुनुभएका विद्वान सहन्यायाधिवक्ता श्री गोविन्द खनालले, रिट निवेदकले मिति २०७२।०३।११ मा नाम "रुक्सना कपाली", लिङ्ग "अन्य" राखी नेपाली नागिरकता प्रमाणपत्र प्राप्त गरिसकेको अवस्था छ। निवेदकको नागरिकताको प्रमाणपत्रमा नाम, थर जस्ता कुनै त्रुटि संशोधन गर्नुपर्ने भए निजले नागरिकता ऐन तथा नियमावाली लगायतका कानून बमोजिमको प्रक्रिया अपनाई तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने हुन्छ। एकपटक लिङ्ग "अन्य" लेखी नागरिकताको प्रमाणपत्र प्राप्त गरिसकेपछि फेरि कुनै वस्तुगत प्रमाण बिना नै लिङ्ग संधोशन हुने विषय पनि होइन। यसले सामाजिक परिवेश र परिपाटीलाई नै प्रतिकूल असर गर्ने हुन्छ। मानिसको लिङ्ग परिवर्तन भैरहने विषय पनि होइन। त्यसकारण रिट निवेदन खारेज गरिनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

१९. प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्य रुपमा रिट निवेदक पारलैङ्गिक महिला (Transgender Woman) भएको हुँदा निजको लैङ्गिक पहिचान महिला भएको, नेपाली नागरिक भएको नाताले संविधान तथा कानूनद्वारा संरक्षित शिक्षा लगायतका मौलिक हकको उपभोग गर्न पाउनु, वास्तविक लैङ्गिक पहिचान सहितको आत्मसम्मानपूर्ण जीवन बाँच्न पाउनु निवेदकको आधारभूत मानव अधिकार भए तापनि आफू पारलैङ्गिक महिला भएकै कारण उक्त अधिकारहरू उपभोग गर्नबाट वञ्चित गरिएको, निवेदकले त्रिभुवन विश्वविद्यालयमा पेश गरेको त्रिभुवन विश्वविद्यालय रजिष्ट्रेशन फारम (TU Registration Form) दर्ता गर्न इन्कार गरेका कारण उच्च शिक्षा अध्ययन गर्नबाट वञ्चित भएको, निवेदकको नागरिकता र शैक्षिक प्रमाणपत्र लगायतका कानूनी कागजप्रमाणमा उल्लिखित व्यक्तिगत विवरण निजको लैङ्गिक पहिचानबमोजिम संशोधन हुन नसक्दा आफ्नो आत्मसम्मानमा गम्भीर चोट पुग्न गएको, निवेदकले भोगेका समस्याहरूको समाधानका लागि विपक्षी निकायहरूसँग पटक-पटक मौखिक र लिखित निवेदन गर्दा समेत कुनै सुनुवाई हुन नसकेको, निवेदकको जन्म हुँदा यौनाङ्गको आधारमा बालक इङ्गित गरिएको, अभिभावक तथा परिवारले निवेदकलाई एउटा नाम राखिदिएकोमा त्यसपछि जन्मदर्ता बनाउनेदेखि स्कूल भर्ना गर्दा त्यही नाम र लैङ्गिक विवरण प्रयोग गरिएको, जन्मदर्ता लगायतका विद्यालय स्तरका शैक्षिक प्रमाणपत्र सोही नाम र लैङ्गिक विवरणको आधारमा बनेको, निवेदकलाई समाजले सानैदेखि 'केटा' भनेर भनेको, हेरेको र त्यसरी नै हुर्काइएको अवस्था भए पनि निवेदकले सानै उमेरदेखि आफूलाई 'केटी' भनेरै हेरेको र बुझेको, एस.एल.सी. उत्तीर्ण गरिसकेपछि निवेदकले निजको वास्तविक लैङ्गिक

पहिचान अनुसार नै जीवनयापन गर्ने र आफ्नो पहिचान स्थापना गर्ने निर्णय लिएको, निवेदकले आफ्नो लागि आफ्नो लैङ्गिक पहिचानको प्रतिनिधित्व गर्ने नाम 'रुक्सना' छानेको र त्यसैगरी आफूलाई महिला भनी चिनाउन थालेको। निवेदकले वास्तविक पहिचान अनुसार नै निजको नागरिकता प्राप्त गर्न खोजेको, मिति २०७२।०३।११ मा नागरिकता प्राप्त गरेपश्चात तत्कालिन अधिकारीहरूले प्रचलित कानूनी व्यवस्थाका कमी कमजोरी देखाउँदै नागरिकतामा निवेदकको वास्तविक लैङ्गिक पहिचान 'महिला' उल्लेख गरी जारी गर्न नमानी लैङ्गिक महलमा "अन्य" उल्लेख गरी जारी गरिएको, त्यसपश्चात् निवेदकले निजलाई शिशु अवस्थामा राखिदिएको नाम र आफ्नो नाम 'रुक्सना' एकै व्यक्तिको हो भन्ने व्यहोरा उल्लेख गरेको सिफारिस आफ्नो वडा कार्यालयबाट प्राप्त गरेको, वास्तवमा निवेदक महिला नै भएकोमा पहिले सामाजिक रीति अनुसार यौनाङ्गको आधारमा जुन लैङ्गिकता इङ्गित गरी हुर्काइयो, त्यसै अनुरूप जीवन यापन गर्ने बाध्यता थियो भने अहिले ती सामाजिक बन्धनहरूबाट आफूलाई मुक्त गरी आफ्नो स्वअनुभूतिकै लैङ्गिक पहिचानमा जीवन यापन गरिरहेको, स्वअनुभूतिको आधारमा लैङ्गिक पहिचान पाउनु व्यक्तिको आत्मनिर्णयको अधिकार भएकोमा निवेदकले यो अधिकार उपभोग गर्न पाएको अवस्था नभएको, वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ३ ले व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयता र ऐ. ऐनको दफा ११ ले लिखतको गोपनीयता सुनिश्चित गरेको, गोपनीयताको हक (Right to privacy) अन्तर्गत पर्ने विस्मृतिको हक (Right to be forgotten) वा मेटिन पाउने हक (Right to erasure) पारलैङ्गिक व्यक्तिहरूले आफ्नो पहिचान अनुसारको परिचय स्थापित गर्नका लागि आवश्यक भएको, निवेदकको नागरिकताको प्रमाणपत्रमा लिङ्ग "अन्य" उल्लेख हुँदा अन्य ठाउँमा लिङ्ग महिला कायम गर्न नसकिएको, निवेदकको लैङ्गिक विवरणमा लिङ्ग महिला हुने गरी नागरिकताको प्रमाणपत्र संशोधनको लागि निवेदकले गृह मन्त्रालय लगायतका विपक्षीहरुसमक्ष पटक-पटक गई अनुरोध गर्दा पनि विपक्षीहरुबाट कुनै पनि सुनुवाइ नभएको, TU Registration Form दर्ता हुन नसक्दा निवेदकको उच्च शिक्षाको बाटो पनि बन्द भएको, बच्चा अवस्थाको नाम संशोधन भई रुक्सना कपाली भए पनि लिङ्ग महिला कायम गर्न नसकी निवेदकले आफ्नो स्वअनुभूतिको लैङ्गिक पहिचान नै नपाएको अवस्था भएको, तसर्थ विपक्षीहरुको कार्य नेपालको संविधान तथा अन्तर्राष्ट्रियको मानव अधिकार कानून तथा न्यायिक अभ्यास समेतको विपरीत हुँदा निवेदकको व्यक्तिगत परिचय जनाउने कागज प्रमाणहरुमा रहेका अन्य नाम तथा लैङ्गिक विवरण बदर गरी निजको नाम "रुक्सना कपाली" र लैङ्गिक विवरण "महिला" कायम गर्नू, गराउनू र मृतनाम तथा मृतलैङ्गिकता सम्बन्धी

विवरण अभिलेखहरुमा गोपनीयता कायम गर्नू, गराउनू भनी विपक्षीहरुका नाउँमा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरी पाऊँ भन्ने समेत व्यहोराको दावी रहेको पाइन्छ।

२०. निवेदकको माग दावी बमोजिमको व्यक्तिगत कागज प्रमाणहरुमा उल्लिखित नाम तथा लैङ्गिक विवरणमा वास्तविक लैङ्गिक पहिचान अनुसार लैङ्गिक विवरण महिला र नाम रुक्सना कपाली उल्लेख गरी नागरिकता प्रमाणपत्रको संशोधन गर्न गराउन माग रहेकोमा नेपाल नागरिकता ऐन, २०६३, राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६, राहदानी ऐन, २०७६, मतदाता नामावली ऐन, २०७३ मा केही निश्चित विवरण सच्याउन सकिने व्यवस्था रहेको छ। सरकारी कागजात सच्याउने सम्बन्धमा "उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७" को नियम ३ मा कुनै व्यक्तिले आफ्नो प्रमाणपत्रमा रहेको उमेर, नाम र जात सच्याउन चाहेमा प्रमुख जिल्ला अधिकारीसमक्ष दरखास्त दिनुपर्ने सोमा चित्त नबुझेमा पैंतीस दिनभित्र नेपाल सरकारसमक्ष निवेदन गर्न सक्ने भन्ने र नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ मा कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ भन्ने व्यवस्था गरेको र दफा १८ मा यसरी भएको आदेशबाट मर्का पर्ने व्यक्तिले उक्त आदेश दोहोऱ्याई हेर्न नेपाल सरकारसमक्ष निवेदन दिन सक्ने प्रष्ट कानूनी व्यवस्था भएको अवस्थामा उक्त सामान्य कानूनको क्षेत्राधिकार प्रयोग नगरी सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारको माध्यमबाट रिट दायर गरी नागरिकता लगायतका अन्य कागजात सच्याई पाऊँ भन्नु आफैंमा कानूनसम्मत छैन। त्यसैगरी निवेदकको नागरिकता लगायतका प्रमाणपत्रमा गरिने सामान्य संशोधनले पार्ने असर (chain of effect) को विश्लेषण पनि हुन जरुरी हुन्छ। नागरिकताको प्रमाणपत्र राज्य र नागरिकबीचको कानूनी सम्बन्ध स्थापित गर्ने महत्वपूर्ण लिखत भएको र नागरिकता प्राप्ति पश्चात जारी गरिने व्यक्तिका विभिन्न कानूनी लिखतहरु सोही नामका आधारमा जारी गरिने हुँदा नागरिकतामा गरिने सामान्य परिवर्तनले निजलाई मात्र नभई निजसँगको कानूनी सम्बन्धका आधारमा गरिने अन्य काम कारवाहीमा समेत प्रभाव पार्ने कुरालाई मनन् गरी विधायिकाले नागरिकता लगायतका प्रमाणपत्र संशोधनका सम्बन्धमा सावधानी अपनाएको पाइन्छ। त्यस्तो प्रमाणपत्रमा गरिने संशोधन वा परिवर्तनले व्यक्ति स्वयंलाई संविधान र कानूनप्रदत्त हक अधिकार उपभोग गर्ने क्रममा समेत असहज तथा अन्यौलताको अवस्था सृजना हुन्छ। साथै राज्यबाट प्रवाह हुने सेवा र राज्यप्रतिको नागरिकको कर्तव्यलाई स्पष्टता कायम गर्ने

अभिप्रायले गरिएको कानूनी व्यवस्थालाई अन्यथा भन्न मिल्ने हुँदैन। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ र सोको नियमावली, २०७७ को नियम २३ मा व्यक्तिगत घटना दर्ताको विवरण सच्याउनु परेमा सम्बन्धित व्यक्तिले अनुसूची २६ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने छ तर निवेदकको माग बमोजिम लैङ्गिक पहिचान अनुसार लैङ्गिक विवरण र नाम संशोधन गर्न गराउन सक्ने सम्बन्धमा उल्लिखित ऐन र नियमावलीमा कहींकतै उल्लेख भएको नदेखिएको र निजले महिला भएको प्रमाण पेश गरेको अवस्थामा लिङ्गको महलमा महिला उल्लेख गरी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपि नेपाली नागरिकता प्रमाणपत्र दिइने नै हुँदा रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको विपक्षीहरुको लिखित जवाफ रहेको पाईन्छ।

२१. प्रस्तुत निवेदनमा निवेदक र विपक्षी तर्फबाट उपस्थित विद्वानहरुको वहस समेत सुनी निवेदकको माग दावी, विपक्षीहरुका लिखित जवाफका व्यहोरा सहितको मिसिलसंलग्न कागजातहरु समेत अध्ययन गरी हेर्दा यस इजलासबाट देहायका प्रश्नहरुको निरुपण हुनुपर्ने देखिन आयो।

**(क) रिट निवेदकको यो निवेदन मागको विषय यस अदालतको असाधारण क्षेत्राधिकार (Extraordinary jurisdiction) अन्तर्गत दायर हुन सक्ने हो वा होइन?**

**(ख) रिट निवेदकलाई निजको स्वअनुभूतिको आधारमा आफ्नो लैङ्गिक पहिचान निर्धारण गर्ने अधिकार हुन्छ वा हुँदैन?**

**(ग) रिट निवेदकको नागरिकताको प्रमाणपत्र लगायतका अन्य व्यक्तिगत विवरण खुलाउने लिखतमा उल्लेख भएको लैङ्गिक पहिचान निजले स्वअनुभूत गरेको लिङ्गको आधारमा परिवर्तन गर्न मिल्ने हो वा होइन?**

**(घ) रिट निवेदकको जन्मदर्ता प्रमाणपत्र र यसका आधारमा बनेका अन्य व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा उल्लिखित नाम र लैङ्गिकता सम्बन्धी विवरणको गोपनीयता कायम गर्नु पर्ने हो वा होइन?**

**(ङ) निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन?**

२२. अव निरुपणको लागि तय भएको रिट निवेदकले निवेदनपत्रमा माग गरेको विषय यस अदालतलको असाधारण क्षेत्राधिकार (Extraordinary jurisdiction) अन्तर्गत दायर हुन सक्ने हो वा होइन? भन्ने पहिलो प्रश्न तर्फ विचार गर्दा रिट निवेदक पारलैङ्गिक महिला (Transgender Woman) भएको हुँदा निजको नागरिकता र शैक्षिक प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुलाउने कानूनी कागजातहरुमा आफ्नो स्वअनुभूति बमोजिमको लैङ्गिक

पहिचान अर्थात् महिला कायम गराउनका लागि पटकपटक विपक्षी निकायहरुमा लिखित निवेदन दिए तापनि विभिन्न कानूनी अडचन देखाई विपक्षीहरुले आफ्नो माग सम्बोधन नगरेको कारण निवेदकको नेपालको संविधानको धारा १६, १८, २८, ३१, ३३ मा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हक, समानताको हक, गोपनीयताको हक, शिक्षा सम्बन्धी हक तथा रोजगारीको हक लगायतका हकहरुको उल्लघंन भएको हुँदा उक्त हकहरुको प्रचलनका लागि सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकार प्रयोग गरी प्रस्तुत रिट निवेदन दायर गरेको भन्ने रिट निवेदनको व्यहोराबाट देखिन्छ। यसरी रिट निवेदकले रिट निवेदनमा विपक्षीहरुबाट आफ्नो संविधान प्रदत्त मौलिक हकहरुको उल्लंघन भएको भनी उक्त उल्लघंन भएका मौलिक हकहरुको प्रचलनको लागि नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार प्रयोग गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ।

२३. विपक्षी मध्येका नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफमा नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ मा "कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटि भई सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाणसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ" भन्ने व्यवस्था रहेको र सरकारी कागजात सच्याउने सम्बन्धमा उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ को नियम ३ मा कुनै व्यक्तिले आफ्नो प्रमाणपत्रमा रहेको उमेर, नाम र जात सच्याउन चाहेमा प्रमुख जिल्ला अधिकारीसमक्ष दरखास्त दिई आवश्यकता अनुसार साधारण क्षेत्राधिकारको प्रयोग गरी नागरिकता लगायतका कागजातहरु संशोधन गर्न सकिने अवस्थाको विद्यमानता रहेको अवस्थामा सो प्रयोग नगरी सर्वोच्च अदालतको असाधारण क्षेत्राधिकारको माध्यमबाट रिट दायर गरी नागरिकता सच्याई पाऊँ भन्नु कानूनसम्मत छैन भन्ने जिकिर रहेको देखिन्छ। प्रस्तुत सन्दर्भमा उक्त नेपाल नागरिकता ऐन, २०६३ को दफा १७ र उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ को नियम ३ को व्यवस्था अवलोकन हुन सान्दर्भिक देखिन आयो।

२४. नेपाल नागरिकता ऐन २०६३ को दफा १७ मा विवरण सच्याउने शीर्षक अन्तरगत (१) **कुनै व्यक्तिले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा उल्लिखित थर वा उमेर शैक्षिक योग्यताको प्रमाणपत्रमा फरक पर्न गई वा नागरिकताको प्रमाणपत्रमा सानातिना त्रुटी भई**

सो विवरण सच्याउन चाहेमा आवश्यक प्रमाण सहित तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

<u>स्पटीकरण</u> यस उपदफाको प्रयोजनको लागि "सानातिना त्रुटी" भन्नाले नागरिकताको प्रमाणपत्रमा उल्लिखित विवरणमा तात्विक अन्तर नपर्ने जस्तैः "कुमारी", "देवी", "बहादुर", "प्रसाद" जस्ता शब्द बढी राखिएको वा छुटेको वा आकार, इकारमा फरक परेको वा यस्तै अन्य सानातिना त्रुटीलाई जनाउने छ।

(२) उपदाफा (१) बमोजिम निवेदन परेपछि सम्बन्धित अधिकारीले निजसँग भएको सबुत प्रमाण र आवश्यकता अनुसार साक्षी सरजमीन समेत बुझी त्यस्तो विवरण सच्याई पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ।

(३) विवाह वा सम्बन्ध विच्छेद भएकी महिलाले थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिएमा तोकिएको अधिकारीले आवश्यक कुरा बुझी पहिले लिएको नागरिकताको प्रमाणपत्र खिची थर, वतन वा विवरण संशोधन गरी अर्को नागरिकताको प्रमाणपत्र दिन सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ को नियम ३ मा उमेर, नाम र जात सच्याउन दर्खास्त दिनु पर्नेः (१) कुनै व्यक्तिले आफ्नो प्रमाणपत्रमा रहेका उमेर, नाम वा जात सच्चाउन चाहेमा दश रुपैंया वा त्यती मोल पर्ने टिकट टाँसी आफ्नो भएको व्यहोरा लेखी प्रमुख जिल्ला अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(२) उपननियम (१) बमोजिम दरखास्त परेपछि प्रमुख जिल्ला अधिकारीले निजसँग भएको सबुत प्रमाण र आवश्यकता अनुसार साक्षी सरजमीनसमेत बुझी ठाडो फैसला गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ।

यसरी उक्त ऐन तथा नियमहरुको व्यवस्था हेर्दा, कुनै पनि व्यक्तिले आफ्नो नागरिकता वा शैक्षिक प्रमाणपत्रहरुमा रहेका सानातिना त्रुटी जस्तो **कुमारी, देवी, बहादुर तथा प्रसाद** जस्ता नामसंग सम्बन्धित शब्द बढी राखिएको वा छुटेको वा आकार इकारमा फरक परेको जस्ता सानातिना त्रुटीहरु र उमेर, नाम वा जात सच्याउन र विवाह वा सम्बन्ध विच्छेद भएकी महिलाले थर, वतन वा अन्य विवरण संशोधन गर्न निवेदन दिन सक्ने र आवश्यक प्रमाण बुझी सम्बन्धित अधिकारीले संशोधन गर्न सक्ने देखियो। निवेदकको मुख्य माग दावी भनेको आफू पारलैङ्गिक महिला भएको हुँदा नागरिकता लगायतका व्यक्तिगत परिचयात्मक विवरण खुल्ने प्रमाणपत्रहरुमा लिङ्गको महलमा हाल रहेको अन्य/पुरुषको सट्टा महिला कायम गर्ने गरी संशोधनको माग रहेको देखिन्छ जुन कुरा संशोधनको लागि माथि उल्लिखित नेपाल

नागरिकता ऐन, २०६३ तथा उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७ ले व्यवस्था गरेको देखिंदैन। विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो लिखित जवाफमा उल्लेख गरेजस्तो निवेदकलाई निजको नागरिकताको प्रमाणपत्र लगायतका अन्य व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रमा लिङ्गको महलमा भएको अन्य/पुरुष भन्ने शब्दको सट्टा महिला कायम गराउनको लागि प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्ने गरी कानूनले व्यवस्था गरेको देखिंदैन। निवेदकले आफू पारलैङ्गिक महिला भएको हुँदा आफ्नो नागरिकता तथा शैक्षिक प्रमाणपत्र लगायतका प्रमाणपत्रहरुमा आफ्नो माग बमोजिम लिङ्ग परिवर्तन हुन नसक्दा संविधान प्रदत्त मौलिक हकहरुको हनन् भएको हुँदा उक्त हनन् भएका हकहरुको प्रचलनको माग लिई संविधानको धारा ४६ र १३३ बमोजिम यस अदालतको असाधारण क्षेत्राधिकार प्रयोग गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिन्छ। वास्तवमा मौलिक हक तथा मानव अधिकार व्यक्तिको जीवन, मर्यादा, समानता तथा स्वतन्त्रतासंग सम्बन्धित हुन्छ। मानव अधिकार र मौलिक अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धनबाट व्यक्तिको जीवन सुखमय र आनन्दित हुन्छ। यही तथ्यलाई मनन गरी हरेक देशमा मौलिक हकलाई प्राथमिकतामा राखी यस्ता हकको उल्लंघन भएको अवस्थामा उपचार छिटो छरितो हुन सकोस भनी संविधानमा नै उपचारको व्यवस्था गरिएको हुन्छ। नेपालको संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरी यस भागद्वारा प्रदत्त हकको प्रचलनको लागि धारा ४६, १३३ बमोजिम यस अदालतबाट उपचार पाउने हकलाई प्रत्याभूति गरेको पाइन्छ। प्रस्तुत निवेदनमा निवेदकले विपक्षीहरुले गर्नुपर्ने काम नगरेको (Act of Omission) कारण आफ्नो संविधान प्रदत्त मौलिक हकमा आघात पुगेकोले उक्त हकको उपचारको लागि नेपालको संविधानको धारा ४६ र १३३ बमोजिम यस अदालतमा निवेदन दायर गरेको अवस्था छ। संविधान प्रदत्त मौलिक हकहरु राज्यको कार्य वा अकार्यबाट (Act of Commission or Act of Omission) हनन् हुन्छन र त्यसको उपचारको अन्य व्यवस्था नभएको वा भए पनि त्यस्तो उपचार प्रभावकारी नभएको स्थितिमा यस अदालतको असाधारण अधिकारक्षेत्रको मार्ग अपनाई मौलिक हकको उपभोग र प्रचलनका लागि कुनै पनि नागरिकले निवेदन दायर गर्न सक्ने नै हुन्छ। यस अदालतको असाधारण अधिकारक्षेत्रको प्रयोग एबम् त्यसको सीमा लगायतका विषयमा यस अदालदतले विभिन्न मुद्दामा सिद्धान्त प्रतिपादन गरी तत् सम्बन्धी विधिशास्त्र स्थापित भई सकेको सन्दर्भमा यो विषयमा थप विवेचना हुनु पर्ने आवश्यकता समेत छैन। सारमा भन्नु पर्दा निवेदकले दावी गरेको यो विषयमा उपचार पाउने वैकल्पिक मार्ग भएको भन्ने नदेखिएको अवस्थामा

यस अदालतको असाधारण क्षेत्राधिकार (Extraordinary Jurisduction) प्रयोग गरी दायर भएको प्रस्तुत निवेदनलाई अन्यथा भन्न मिलेन।

२५. अब निवेदकलाई निजको स्वअनुभूतिको आधारमा आफ्नो लैङ्गिक पहिचान निर्धारण गर्ने अधिकार हुन्छ वा हुँदैन भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा रिट निवेदकले आफ्नो जन्म हुँदा पुरुषको जनेन्द्रीय रहेको भए तापनि पछि मानसिक रुपमा महिला भएको अनुभूत गरेको हुँदा आफू पारलैङ्गिक महिला (Transgender Woman) रहेको भनी निवेदनमा खुलाएको पाइन्छ। यस सन्दर्भमा पारलैङ्गिक (Transgender) के हो भन्ने बारेमा भएका केही परिभाषाहरुलाई हेर्नु सान्दर्भिक देखिन आयो। Wikipedia मा Transgender भन्नाले Transgender people are people who identify or feel differently from their assigned sex at birth. It is considered a gender modality in which gender identity differes from the gender assigned at birth. भन्ने उल्लेख भएको देखियो। त्यसैगरी Merriam Webster Dictionary का अनुसार "A person whose gender identity is different from the sex the person had or was identified as having at birth" भनी परिभाषित गरिएको पाइन्छ। त्यसैगरी United States of America को सर्वोच्च अदालतले Bostock v. Clayton County को मुद्दामा "a transgender person is someone who lives and identifies with a sex different than the sex assigned to the person at birth" भनी Transgender लाई परिभाषित गरेको पाइन्छ। त्यस्तै National Centre for Transgender Equality, USA ले "Transgender people are people whose gender identity is different from the gender they were thought to be at birth" भनी परिभाषित गरेको छ। उल्लिखित सबै परिभाषा अनुसार पारलैङ्गिक व्यक्तिहरु भनेको त्यस्तो व्यक्तिहरु हुन जो आफू जन्मदाको लिङ्गको भन्दा फरक लिङ्गको महसुस गर्ने तथा फरक लैङ्गिक पहिचानबाट चिनाउने गर्दछन । त्यसै गरी यौन अभिमुखिकरण र लैङ्गिक पहिचानको क्षेत्रमा क्रियाशील रहेका मानव अधिकारवादीहरुको इन्डोनेसियाको जाकर्तामा सन २००६ मा सम्पन्न भेलाले निर्माण गरेको The Yogyakarta Principles ले लैङ्गिक पहिचानलाई (Gender Identity) यसरी परिभाषित गरिएको पाइन्छ "Gender identity is understood to refer to each person's deeply felt internal and individual experience of gender which may or may not correspond with the sex assigned at birth, including the personal sense of the body (which may involve, if freely

chosen, modification of bodily appearance or other means) and other expressions of gender, including dress, speech and mannerisms." यो परिभाषाबाट पनि लैङ्गिक पहिचान भन्नाले हरेक व्यक्तिले अन्त:स्करणमा व्यक्तिगत रुपमा अनुभव गरेको लैङ्गिक पहिचान हो, जुन व्यक्ति जन्मदै निरुपण गरिएको लैङ्गिक पहिचानसंग मेल खाने वा नखाने हुन्छ भनी परिभाषित गरेको पाइन्छ।

२६. यसरी उपर्युक्त परिभाषाबाट के प्रष्ट हुन्छ भने कुनै पनि व्यक्ति पारलैङ्गिक महिला वा पुरुष हुनु भनेको निजको शारीरिक र मानसिक विकासक्रममा भएको स्वअनुभूतिको आधारमा हुने प्राकृतिक विषय भएको हुँदा व्यक्तिको शारीरिक अवस्था तथा मानसिक अनुभूति अनुसार निजको लैङ्गिक पहिचान निर्धारण हुने देखियो। यस विषयमा केही विदेशी अदालतले गरेका फैसलाहरुमा उल्लेख भएका सन्दर्भलाई पनि हेर्नु सान्दर्भिक दखिन आयो। **High Court of England and Walse ले Corbett V. Corbett**[१] को मुद्दामा कुनै पनि व्यक्तिको लिङ्ग जन्मबाटै निर्धारण हुने हुँदा लैङ्गिक पहिचानको निर्धारण त्यस्तो व्यक्तिको कोषीय (Chromosome), अन्डकोष (Gonads) र जनेन्द्रिय (Genital) जस्ता तत्वको आधारमा हुने गर्दछ जसको परिबर्तन शल्यक्रिया वा अन्य कुनै चिकित्सा विज्ञानको माध्यमबाट गर्न सकिदैन भनी व्याख्या गरिएको पाइन्छ। त्यसैगरी अर्को **Attorney General V. Otahuhu Family Court**[२] को मुद्दामा High Court of New Zealand ले यदि कुनै व्यक्तिले जैविक लिङ्गलाई शल्यक्रिया गरेर परिवर्तन गर्छ भने परिवर्तित लिङ्गलाई मान्यता दिनुपर्ने र सोही बमोजिम निजको लैङ्गिक पहिचान निर्धारण हुने भनी व्याख्या गरेको पाइन्छ। त्यसै गरी **Re Kevin and Jennifer v Attorney General for the Commonwealth**[३] को मुद्दामा The Family Court of Australia ले कुनै पनि व्यक्तिको लैङ्गिक पहिचानको आधार अन्य कुराको अतिरिक्त निजको स्वनुभूति र निजको मानसिक तत्व (Brain Sex) समेतलाई बनाइनु पर्ने भनी व्याख्या गरेको पाइन्छ। यसरी उल्लिखित विदेशी अदालतहरुले यस विषयमा गरेको फैसलाको अवलोकन गर्दा पहिला व्यक्तिको लैङ्गिक पहिचान निजको कोषीय (Chromosome), अन्डकोष (Gonads) र जनेन्द्रिय (Genital) जस्ता तत्वहरुको आधारमा मात्र निर्धारण गर्न सकिने गरी जैविक तत्वलाई महत्व दिएको पाइन्छ भने पछिल्लो समयमा व्यक्तिको लैङ्गिक पहिचानको निर्धारणको आधार जैविक तत्वको अतिरिक्त सम्बन्धित व्यक्तिको स्वअनुभूति तथा निजको Brain Sex लाई पनि बनाउनु पर्ने अवधारणा विकसित भएको पाइन्छ।

[१] 1970 2 All E.R. 33
[२] 1995 1 NZLR 603
[३] 2001 Fam CA 1074

२७. रिट निवेदक जन्मदा प्राकृतिक रुपमा पुरुषको यौनाङ्गको शारीरिक बनोट भएकै कारण सोही बमोजिम निजको जन्मदर्ता, नागरिकता, शैक्षिक प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने कागजातहरुमा नाम र लिङ्गको पहिचान पुरुष भन्ने अनुमान गर्न सकिन्छ। हाम्रो संस्कार, परम्परा, व्यवहार र प्रचलित कानूनी व्यवस्था अनुसार कुनै पनि व्यक्तिको जन्म पश्चात निजको जन्मदर्ता प्रमाणपत्र लगायतका शैक्षिक विवरणहरु त्यस्तो व्यक्तिको स्वअनुभूतिको लैङ्गिक पहिचानको ज्ञान नहुँदै तयार गरिन्छ। अर्को शब्दमा भन्नुपर्दा कुनै व्यक्तिको जन्म पश्चात निज प्राकृतिक रुपमा जे जस्तो लिङ्ग भएर जन्म भएको हुन्छ निजको नाम लिङ्ग लगायतका पहिचाका शब्द सोही बमोजिम राखिएको हुन्छ। उपर्युक्त सन्दर्भबाट हेर्दा कुनै पनि व्यक्तिको जन्मदाको बखतमा रहेको यौनाङ्गको आधारमा उसको जन्मदर्ता प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा उल्लेख गरिएको नाम र जनिएको लिङ्गको अनुभूति सो व्यक्तिलाई प्रारम्भीक अवस्थामा नहुने अवस्था रहन्छ। यदि पछि निजले आफूलाई जन्मदाको यौनाङ्ग भन्दा स्वअनुभुतको आधारमा विपरित लिङ्गीय व्यवहार, बोलिचाली तथा पहिचानको पहिरन लगाउने गर्दछ भने निजलाई पहिचान गराउने उल्लिखित लिखतहरुमा जनिएका नाम र लैङ्गिक पहिचानको विवरण निज व्यक्तिको हालको पहिचानको विवरण हुँदैन। यसरी व्यक्तिले आफूलाई कुन लिङ्गीको हो भनी आफैंले अनुभूत गरेको आधारमा आत्मनिर्णय गरी घोषणा गरिएको नाम र लिङ्ग नै त्यस्तो व्यक्तिको वास्तविक नाम र लिङ्ग मान्नुपर्ने हुन्छ।

२८. मूलत: नेपालको संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको अनेकौ आयाम छन। सम्मानपूर्वक बाँच्न पाउनुको अर्थ केवल बाँच्न पाउनु मात्र नभई व्यक्तिले आत्मसम्मानको अनुभूति सहित जीवन जीउन पाउने अधिकार पनि समाहित हन्छ। व्यक्तिको आत्मसम्मान भित्र लैङ्गक पहिचान अत्यन्त महत्वपूर्ण हुन्छ। लैङ्गिक पहिचानको विषय व्यक्तिको निजी विषय मात्र होइन। त्यसमाथि पारालैङ्गिक महिला वा पुरुषको विषय र त्यस्तो अवस्थाका व्यक्तिको लैङ्गिक पहिचानको विषय झनै निजी विषय होइन। यो विषय त्यस्तो अवस्थामा रहेका प्रत्येक व्यक्तिको आत्म-सम्मान तथा सम्मानपूर्वक बाँच्न पाउने विषयसंग सम्बन्धित रहेको हुन्छ। कुनै व्यक्ति पुरुषको यौनाङ्ग लिएर जन्मन्छ र पछि आफूलाई महिला भएको स्वअनुभूत गर्दछ र सोही बमोजिमको पहिचानको पहिरन, बोलिचाली र व्यवहार महिलाको गर्दछ। यसैगरी कुनै व्यक्ति महिलाको यौनाङ्ग लिएर जन्मन्छ र पछि आफूलाई पुरुष भएको स्वअनुभूत गर्दछ र सोही बमोजिमको पहिचानको पहिरन, बोलिचाली वा व्यवहार गर्दछ भने त्यस्ता व्यक्तिहरुलाई जैविक लिङ्गकै आधारमा रहेको लैङ्गिक

पहिचानलाई निरन्तरता दिँदा त्यस्ता व्यक्तिको संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हकको उपभोग गर्न सकेको अवस्था हुन नआई त्यस्तो हकको उल्लघंन हुन जाने हुन्छ। यस प्रसंगमा सर्वोच्च अदालतबाट निलहिरा समाजका कार्यकारी निर्देशक सुनिलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदनमा (ने.का.प. २०६५, अंक ४, नि.नं.७९५८) **"बच्चा जन्मदा एउटा लिङ्गीमा जन्मेको भएपनि जैविक (Biological) र प्राकृतिक (Natural) प्रक्रिया अनुसार जन्मदा भन्दा अर्को लिङ्गीमा विकास भई जन्मदाको भन्दा फरक लिङ्गीमा लैङ्गिक स्वरुप परिवर्तन हुन सक्छन्"** भनी सिद्धान्त समेत प्रतिपादन भएको छ। रिट निवेदकको जन्म हुँदाको बखत जैविक लिङ्ग पुरुषको रहेको भए तापनि पछि आफू जन्मदाको भन्दा फरक लिङ्गीमा अर्थात् महिलाको रुपमा विकास भएको कारण आफूलाई महिलाको रुपमा मानेको र पहिचान दिएको अवस्थामा निजलाई स्वअनुभूतिको आधारमा आत्मनिर्णय गरी आफ्नो लैङ्गिक पहिचान निर्धारण गर्ने अधिकार हुने नै देखियो।

२९. अब निवेदकको नागरिकताको प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा लैङ्गिक पहिचान निजले स्वअनुभूत गरेको लिङ्गको आधारमा परिवर्तन गर्न मिल्ने हो वा होइन भन्ने तस्रो प्रश्नतर्फ विचार गर्दा, रिट निवेदकको मुख्य माग दावी आफू पारलैङ्गिक महिला भएको कारण आफ्नो नागरिकताको प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा रहेको लिङ्ग 'महिला' कायम गराई पाऊँ भन्ने देखिन्छ। प्रस्तुत सन्दर्भमा राष्ट्रिय तथा नेपाल पक्ष भएका अन्तराष्ट्रिय मानव अधिकार सम्बन्ध कानूनी व्यवस्था हेर्नु सान्दर्भिक देखिन आयो। नेपालको संविधानको धारा १२ मा **"यो संविधान बमोजिम बंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउँन सक्नेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी, नेपाल नागरिकता ऐन,२०६३ को (पहिलो संशोधन) ऐन, २०७९ को दफा ८क. को उपदफा ३ मा **"यस ऐन बमोजिम दिइने नागरिकताको प्रमाणपत्रमा तोकिए बमोजिम लैङ्गिक पहिचान समेत खुलाउनु पर्नेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम कुनै व्यक्ति जसले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने अधिकार राख्दछ निजले आफ्नो लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउँन भन्ने देखिन आयो।

३०. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ को धारा २ (१) मा **प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु आफ्ना इलाका तथा क्षेत्राधिकारभित्र रहेका सबै व्यक्तिहरुलाई**

**... लिङ्ग... वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना प्रस्तुत प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरुको सम्मान र सुनिश्चितता प्रदान गर्ने प्रतिज्ञा गर्दछन** भन्ने उल्लेख गरिएको पाईन्छ। त्यसैगरी सोही प्रतिज्ञापत्रको धारा २६ मा **सवै व्यक्तिहरु कानूनको दृष्टिमा समान र कुनै पनि भेदभाव विना कानूनको समान संरक्षणका हकदार छन। यस सम्बन्धमा कानूनले कुनै पनि भेदभावलाई निषेध गर्ने र सबै व्यक्तिहरुलाई ... लिङ्ग... वा अन्य हैसियतका आधारमा हुने कुनै पनि भेदभाव विरुद्ध समान तथा प्रभावकारी संरक्षणको प्रत्याभूति दिइनेछ** भन्ने उल्लेख भएको पाइन्छ। त्यसै गरी सोही प्रतिज्ञापत्रको धारा १७ मा **कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा लेखापढीमा स्वेच्छाचारी वा गैर कानूनी हस्तक्षेप गरिने छैन न त निजको प्रतिष्ठा तथा ख्यातीमा गैरकानूनी आक्रमण नै गरिने छ। प्रत्येक व्यक्तिलाई त्यस्तो हस्तक्षेप वा आक्रमणका विरुद्ध संरक्षण पाउने अधिकार हुनेछ** भन्ने उल्लेख गरिएको पाइन्छ। त्यसैगरी आर्थिक, सामाजिक, तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र,१९६६ को धारा २ (२) मा **प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरु प्रस्तुत प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरु ... लिंग ... वा अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभाव विना उपभोग गरिने कुराको प्रत्याभूति दिने प्रतिज्ञा गर्दछन भन्ने उल्लेख भएको पाइन्छ।** यस धारामा प्रयुक्त **"अन्य हैसियत"** को व्याख्या गर्दै आर्थिक सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रको समितिले[४] **अन्य हैसियत** भित्र यौन अभिमुखिकरण समेत पर्ने गरी यसरी व्याख्या गरेको पाइन्छ। "Other status" as recognized in article 2, paragraph 2, includes sexual orientation.States parties should ensure that a person's sexual orientation is not a barrier to realizing Covenant rights, for example, in accessing survivor's pension rights. In addition, gender identity is recognized as among the prohibited grounds of discrimination; for example, persons who are transgender, transsexual or intersex often face serious human rights violations, such as harassment in schools or in the workplace." यसरी उपरोक्त परिभाषाबाट पक्ष राष्ट्रहरुले प्रतिज्ञापत्रमा उल्लिखित अधिकारहरुको उपभोगमा यौन अभिमुखिकरण र फरक लैङ्गिक पहिचानको आधारमा कुनै पनि व्यक्तिलाई भेदभाव गर्न नहुने गरी थप प्रष्ट गरेको पाइन्छ।

३१. नेपालको संविधानको धारा १८ (२) मा प्रयुक्त **सामान्य कानूनको प्रयोगमा ... वा त्यस्तै अन्य कुनै आधारमा** भेदभाव गरिने छैन भन्ने र सोही धाराको उपधारा (२) मा राज्यले नागरिकहरुका बीच ... वा **यस्तै अन्य कुनै आधारमा** भेदभाव गर्ने छैन भनी उल्लेख गरिएको

४ General Comment no. 20

पाइन्छ। मूलत: धारा १८ (२) मा प्रयुक्त अन्य कुनै आधारमा भेदभाव नगरिने भन्ने शब्दावलीको अर्थले निवेदक सरहका अवस्थाका व्यक्तिलाई समेत समेट्ने भई कुनै व्यक्तिको लिङ्गको पहिचान निजले अनुभूति गरेको भन्दा फरक रुपमा उल्लेखन गरिएको अवस्थामा स्कूल ,कलेज कार्यस्थल सामाजिक समारोह लगायतका विभिन्न अवसरमा अपमान, दुर्वयवहारबाट पीडित हुनु पर्ने अवस्था हुन्छ। यो अवस्था भनेको संविधान प्रदत्त समानताको अधिकारको उल्लंघनका साथै व्यक्तिको सुखपूर्वक, आनन्दपूर्वक जीवन निर्वाह गर्न पाउने हकको समेत आघात र बाधक भएको अवस्था हो। उल्लिखित अवस्थाबाट निवेदक सरहका व्यक्तिको मानव अधिकारको हनन् पटक पटक भई रहने अवस्था रहन्छ। संविधानले प्रत्याभूत गरेको समानताको हकको मुख्य उद्देश्य नै मानव अधिकारको संरक्षण भएको तथ्यमा विवाद छैन। नागरिकलाई कुनै पनि आधारमा भेदभाव नगरिनु भन्नुको अर्थ पारालैङ्गिक अवस्थाका व्यक्तिलाई समेत निजहरुको पहिचानको आधारमा भेदभाव नगरिने भन्नु हो। माथि उल्लिखित भएको धारा १८(२) को संवैधानिक व्यवस्थामा फरक लैङ्गिक पहिचान तथा यौन अभिमुखिकरणको आधारमा भेदभाव नगरिने गरी शाब्दिक रुपमा उल्लेख गरेको नभए तापनि अन्य कुनै आधारमा भेदभाव नगरिने भन्ने नै ICESCR को समितिले आफ्नो सामान्य टिप्पणी (General Comment no 20 मा समेत **अन्य हैसियत (Other status)** लाई परिभाषित गर्ने क्रममा अन्य हैसियत अन्तर्गत यौन अभिमूखिकरण समेत पर्ने गरी ब्याख्या गरेको सन्दर्भमा सोही प्रकृतिको नेपालको संविधानको धारा १८ मा प्रयुक्त **यस्तै अन्य कुनै आधार** भन्ने वाक्यांशले फरक यौन अभिमुखिकरण समेतलाई समेट्ने नै देखिन्छ।

३२. निवेदकले आफू पारलैङ्गिक महिला भएको र सो बमोजिम आफ्नो शैक्षिक प्रमाणपत्रहरुमा लैङ्गिक पहिचान नखुलाइएको हुँदा त्रिभुवन विश्वविद्यालयले आफूले पेश गरेको त्रिभुवन विश्वविद्यालय रजिष्ट्रेशन फारम (TU Registration Form) दर्ता गर्न इन्कार गरेका कारण उच्च शिक्षा अध्ययन गर्नबाट समेत वञ्चित भएको कुरा उल्लेख गरेको पाइन्छ। यस प्रसंगमा शिक्षाको अधिकारको सम्बन्धमा नेपालको संविधान तथा नेपाल पक्ष भएका अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनमा भएको व्यवस्थाको अवलोकन गर्नु सान्दर्भिक देखिन आयो।

३३. नेपालको संविधानको धारा ३१ को उपधारा (१) मा **प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ** भन्ने उल्लेख छ। त्यसैगरी उपधारा (२) मा **प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुःल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ** भन्ने उल्लेख भएको पाइन्छ। मानव

अधिकारको विश्वव्यापी घोषणा, १९४८ को धारा २६ मा **प्रत्येक व्यक्तिलाई शिक्षाको अधिकार हुनेछ। कम्तिमा प्रारम्भिक र मौलिक तहमा शिक्षा नि:शुल्क उपलब्ध हुनेछ। प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ। प्राविधिक तथा व्यवसायिक शिक्षा सबैका लागि सामान्यत प्राप्य र पहुँचयोग्य बनाइने छ। उच्च शिक्षा क्षमताका आधारमा सबैलाई समान रुपमा पहुँचयोग्य हुनेछ** भन्ने व्यवस्था रहेको पाइन्छ। त्यस्तै आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र, १९६६ को धारा १३ मा **प्रत्येक व्यक्तिको शिक्षाको अधिकार हुने** भनी स्वीकार गरिएको छ। यस धारामा रहेको शिक्षाको अधिकारको थप व्याख्या गर्दै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको समितिले आफ्नो सामान्य टिप्पणी (General Comment no. 13 मा **शैक्षिक संस्था र कार्यक्रमहरु विना भेदभाव सबै व्यक्तिको पहुँचमा हुनुपर्ने** भनिएको छ।

३४. यसरी शिक्षाको अधिकारलाई नेपालको संविधान तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनहरुले विना भेदभाव सबैको पहुँचमा हुनुपर्ने कुरालाई आत्मसात गरेको पाइन्छ। रिट निवेदकले आफ्नो स्वअनुभूत गरेको लैङ्गिक पहिचान अनुसारको जन्मदर्ता प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा संशोधन हुन नसक्दा विपक्षी मध्येका त्रिभुवन विश्वविद्यालयले रजिष्ट्रेशन फारम (TU Registration Form) दर्ता गर्न इन्कार गरेका कारण उच्च शिक्षा अध्ययन गर्नबाट समेत वञ्चित हुनु भनेको निजको नेपालको संविधान तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनले प्रत्याभूत गरेको शिक्षाको अधिकारको उल्लंघन हुनु हो। मानव अधिकारको सिद्धान्त अनुसार मानव अधिकार एक आपसमा अन्तरनिर्भर (Interrelated) हुने गर्दछन। यस सिद्धान्त अनुसार कुनै पनि व्यक्तिको शिक्षाको अधिकारको उल्लघंनको परिणामबाट निजको समानताको अधिकार, सम्मानपूर्वक बाँच्न पाउने अधिकार, रोजगारीको अधिकार, स्वास्थ्यको अधिकार लगायतका अन्य अधिकारहरुको उल्लघन हुन जान्छ। यसका साथै शिक्षाको अधिकार उल्लघन हुँदा अन्तत्वगत्वा निजको समानताको अधिकार, सम्मानपूर्वक बाँच्न पाउने अधिकार, जीवनको अधिकार संकटमा पर्ने हुन्छ। यस प्रसंगमा International Commission of Jurists[५] ले एउटा पुस्तकमा उल्लेख गरेको अंश यहाँ चर्चा गर्नु प्रासङ्गिक देखिन्छ: "Discrimination on the grounds of sexual orientation and gender identity may give rise to the most egregious human rights violations, such as extrajudicial killing, torture and ill-treatment and arbitrary detention. Demonstrating that discrimination has consequnces in the deprivation of enjoyment of all other

[५] Sexual Orientation and Gender Identity in Human Rights Law, Third updated edition, pg. 10

guaranteed human rights. These include inter alia the right to life, right to liberty, right to a fair trail by an independent and impartial tribunal, right to privacy, freedom of conscience, and freedom of association, equal access to public services, equality before the law and equal protection of the law, right to work, right to social security including social insurance, right to enjoyment of the highest attainable level of health, right to education, and right to educate housing" उल्लिखित सन्दर्भबाट पनि यौन अभिमूखिकरण तथा लैङ्गिक पहिचानको आधारमा हुने भेदभावले गैर न्यायिक हत्या, यातना, अमानवीय व्यवहार तथा गैरन्यायिक थुनालाई बढावा दिन सक्छ र परिणामस्वरुप बाच्न पाउने हक, स्वच्छ सुनुवाईको हक, गोपनीयताको हक, विचार र अभिव्यक्तिको हक, कानूनको अगाडि समानताको हक, शिक्षा तथा स्वास्थ्यको हक जस्ता संरक्षित मानव अधिकारहरुको उपभोगबाट बञ्चित हुने भनी उल्लेख गरिएको पाइन्छ। नेपालको संविधानको धारा १६ मा **कुनै पनि नेपाली नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ** भन्ने उल्लेख भएको छ। वास्तवमा हरेक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने अवस्थाको सृजना गर्नु राज्यको प्रमुख दायित्व हो। राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २ (च) ले "मानव अधिकारको परिभाषा गर्दै मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएका अधिकार सम्झनु पर्दछ" ... भनी परिभाषित गरिएको छ। यस परिभाषाबाट समेत व्यक्तिको समानता र मर्यादालाई मानव अधिकारमा उच्च सम्मानका साथ उल्लेख गरेको पाइन्छ।

३५. उपरोक्त बमोजिमको संवैधानिक, कानूनी तथा नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनहरु लगायतका व्यवस्थाबाट निवेदकले आफ्नो स्वअनुभूत गरेको लैङ्गिक पहिचानको आधारमा आफ्नो नागरिकताको प्रमाणपत्र लगायतका अन्य व्यक्तिगत पहिचान खुल्ने प्रमाणपत्रहरुमा लिङ्ग संकेत गर्ने महलमा महिला लेख्न र लेखाउन पाउनु निजको मौलिक अधिकार र मानव अधिकारको विषयकै रुपमा रहेको मान्नु पर्ने देखिन आयो। उल्लिखित मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानूनहरुको नेपाल पक्ष राष्ट्र भएको कारण ती कानूनहरुमा उल्लिखित मानव अधिकारहरुको सम्मान (Respect), संरक्षण (Protect), सम्बर्धन, (Promote), र परिपूर्ति (fulfill) गर्नु सन्धीहरु सम्बन्धी भियना महासन्धि, १९६९, नेपाल सन्धी ऐन, २०४७ तथा मानव अधिकार सम्बन्धी विधिशास्त्रीय मान्यता बमोजिम राज्यको प्रमुख दायित्वको रुपमा रहेको हुन्छ।

३६. मानव अधिकार विधिशास्त्रमा (Human Rights Jurisprudence) सबैभन्दा महत्वपूर्ण र आधारभूत अधिकारको रुपमा समनता र अविभेद ( Equality and non-discrimination) को अधिकारलाई लिने गरिन्छ। कुनै पनि व्यक्तिले मानव अधिकारहरुको उपभोग तथा प्रचलन

जतिसुकै सहज र सरल तरिकाले गरे तापनि उक्त हक अधिकारहरुको उपभोग विभेदकारी र निजको मर्यादामा आँच आउने तरिकाबाट हुन्छ भने ती अधिकारको उपभोगको कुनै अर्थ र औचित्य रहदैन। यस अदालतबाट **आफ्नो पहिचान कायम राखी मौलिक हक र स्वतन्त्रताको उपभोग गर्न नपाउने कानूनलाई विभेदकारी कानून मान्नु पर्छ** भनी सुनील बाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय भएको निवेदनमा (ने.का.प. २०६५ अंक ४ नि.नं. ७९५८) सिद्धान्त समेत प्रतिपादन भएको छ। यसै विषयसंग सम्बन्धित अर्को सुनिलबाबु पन्तसमेत विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको (ने.का.प. २०७४ अंक ९ नि.नं. ९८७५) निवेदनमा **कुनै पनि व्यक्तिले आफ्नो स्वअनुभूति अनुसारको लैङ्गिक पहिचान हासिल गर्नु निजको नितान्त वैयक्तिक आत्मनिर्णयको अधिकारअन्तर्गतको विषय हो । यसमा अरू व्यक्ति, समाज, राज्य वा कानूनले जैविक लिङ्ग के हो भनी निर्धारण गर्नु सान्दर्भिक हुँदैन। मानिसको स्वतन्त्रता प्रतिष्ठा र आत्मसम्मानमा चोट पुऱ्याउने खालका कुनै पनि व्यवस्थाहरू मानव अधिकारको दृष्टिकोणबाट समेत मान्य हुन नसक्ने** भनी सिद्धान्त समेत प्रतिपादन भएको परिप्रेक्ष्यमा रिट निवेदकले संविधान तथा अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धी कानूनहरुमा उल्लेखित अधिकारहरु अन्य व्यक्ति सरह विना भेदभाव प्रयोग र उपभोग गर्न पाउँनु निजको अधिकारको विषय हुने र सोको लागि कानूनी तथा संरचनागत प्रवन्ध गर्नु राज्यको दायित्वभित्र पर्ने हुन्छ।

३७. नेपालको संविधानको धारा १० को उपधारा (१) मा, **"कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन"** भन्ने उल्लेख छ। धारा १२ मा **"यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्नेछ"** भन्ने व्यवस्था रहेको पाइन्छ। त्यसैगरी, धारा ४२ मा सामाजिक न्यायको हक अन्तर्गत **लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतलाई समानुपातिक सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ** भनी उल्लेख गरेको पाइन्छ। धारा १८ को उपधारा (१) मा **सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन।** त्यसैगरी सोही धाराको उपधारा (२) मा **सामान्य कानूनको प्रयोगमा ...लिंग, शारीरिक अवस्था ... वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन** भन्ने र उपधारा (३) मा **राज्यले नागरिकहरुका बीच ...लिङ्ग... वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन** भन्ने व्यवस्था रहेको पाइन्छ। यसैगरी सोही धाराको उपधारा (३) को प्रतिवन्धात्मक वाक्याशंमा तर ... **लैङ्गिक तथा यौनिक अल्पसंख्यक...**

लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था रहेको पाइन्छ।

३८. यसरी उक्त संवैधानिक व्यवस्थाहरुलाई हेर्दा सबै नागरिक कानूनको दृष्टिमा समान हुने र कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित नगरिनुका साथै लिङ्ग, शारीरिक अवस्था लगायतका कुनै पनि आधारमा भेदभाव नगरिने कुराको प्रत्याभूति गरेको पाइन्छ। बरु सारभूत समानताको (Substantive Equality) लागि रिट निवेदक जस्तो लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सक्ने गरी सकरात्मक विभेदको मान्यतालाई अंगीकार गरेको पाइन्छ। वस्तुत: धारा १८ को उपधारा (३) मा उल्लिखित व्यवस्था रिट निवेदक सरहका अवस्था भएका व्यक्तिहरुको सम्बन्धमा राज्यले आवश्यक व्यवस्था गरी अन्य व्यक्ति सरह समान रुपमा जीवन जीउन पाउने अवस्थाको सिर्जना गर्न पर्ने अवस्थासंग सम्बन्धित छ। निवेदक सरहका व्यक्ति विशेष अवस्थाको व्यक्ति भएकोमा त्यस्तो नागरिकको संरक्षण सशक्तिकरणको लागि शिक्षा सबैभन्दा महत्वपूर्ण पाटो हुन्छ। शिक्षा प्राप्तिको मार्गमा निजको नागरिकता लिङ्गको पहिचानको अनुभूतिले सहजता प्रदान गर्नुका अतिरिक्त आत्मसन्तुष्टि र सम्मानको अनुभूति प्रदान गर्दछ। मूलत: राज्यबाट निवेदक सरहका व्यक्तिको लागि विशेष व्यवस्था गरी संरक्षण प्रदान गर्दा अन्य व्यक्तिको हक अधिकारमा असर पर्ने अवस्था समेत हुँदैन। यसरी रिट निवेदक लैङ्गिक तथा यौनिक अल्पसंख्यक समूहमा पर्ने पारलैङ्गिक महिला रहेको र निज पारलैङ्गिक महिलाले समेत संविधान प्रदत्त मौलिक हकहरुको उपभोग र प्रचलन अन्य नागरिक सरह विना भेदभाव सहज र सरल तरिकाबाट गर्न पाउनु निजको अधिकारको विषय हो भने सो अधिकारको सम्मान र संरक्षण गर्नु राज्यको दायित्व हो। यसै सन्दर्भमा सुनीलबाबु पन्त विरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको रिट निवेदनमा (ने. का. प. २०७४ अंक ९ नि. नं. ९८७५) "**आफ्नो यौनिक पहिचान नै थाह नभएको अवस्थामा जैविक अंगको आधारमा प्राप्त गरेको नागरिकता प्रमाणपत्र संशोधन गरी आफ्नो वास्तविक लैङ्गिक पहिचान सहितको नागरिकता प्रमाणपत्रमा संशोधन गर्न मिल्दैन भन्नु निवेदकहरु जस्ता लैङ्गिक अल्पसंख्यक समुदायका व्यक्तिहरुको अस्तित्व स्वीकार गर्न इन्कार गर्नु समान हुने" ... "कतिपय अवस्थामा आफ्नो लैङ्गिक पहिचान ढिलो गरी मात्र थाहा पाउने र व्यक्त गर्न सक्ने हुँदा यस्तो अवस्थामा पहिले शारीरिक जैविक अंङ्गको आधारमा पाएको नागरिकता प्रमाणपत्रमा संशोधन गर्न पाउने अधिकार कानूनत: सुरक्षित गर्नुपर्ने"** भनी सिद्धान्त समेत प्रतिपादन भएको परिप्रेक्ष्यमा नेपाल

पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानून तथा नेपालको संविधानमा उल्लिखित मानव अधिकार र मौलिक हकहरु अन्य नागरिक सरह समान तथा विना भेदभाव उपभोग गर्नको लागि रिट निवेदकको नागरिकताको प्रमाणपत्र लगायत व्यक्तिगत विवरण खुल्ने अन्य प्रमाणपत्रहरुमा निजले स्वअनुभूत गरेको लैङ्गिक पहिचान अर्थात "महिला" कायम हुन मनासिव देखिन आयो।

३९. निवेदकले निजको स्थायी लेखा नम्बर, राष्ट्रिय परिचयपत्र, आदिवासी जनजाती प्रमाणपत्र लगायतका प्रमाणपत्रहरुमा लैङ्गिक विवरण "महिला" जनिएको भन्ने निवेदनमा खुलाएको देखिन्छ। त्यसैगरी, निवेदकको १०२०३६४२ नं. को पहिलो राहदानीमा नाम "रुक्सना कपाली", लैङ्गिक विवरण "महिला" रहेकोमा दोस्रो राहदानीमा लैङ्गिक विवरण "अन्य" उल्लेख भएकोमा लैङ्गिक विवरण "महिला" कायम गर्न भनी ०७८-WO-०९९९ को रिट निवेदनमा अन्तरिम आदेश भएको; मतदाता परिचयपत्रमा लैङ्गिक विवरण "तेस्रो लिङ्गी" उल्लेख रहेकोमा लैङ्गिक विवरण "महिला" कायम गर्न भनी ०७७-WO-१२४४ को रिट निवेदनमा अन्तरिम आदेश भएको देखिए पनि निवेदकको जन्मदर्ता प्रमाणपत्र तथा नागरिकताको प्रमाणपत्रमा नाम "रुक्सना कपाली", लैङ्गिक विवरण "अन्य" रहेको भनी निवेदकले जिकिर लिई ततसम्बन्धी कागजात समेत पेश गरेको अवस्था देखिन्छ। अन्य मुद्दामा भएका आदेशहरुबाट निवेदकको राहदानी लगायत विभिन्न सरकारी लिखतहरुमा "महिला" भनी लिङ्ग उल्लेख भएको समेत पाइन्छ। यस अदालतको अन्तरिम आदेशबाट पनि यीनै निवेदकले दायर गरेको ०७८-WO-०९९९ तथा ०७७-WO-१२४४ लगायतका रिट निवेदनहरुबाट निज "महिला" पहिचानबाट सम्बोधन हुने लिखत पाउने गरी अन्तरिम आदेश समेत भएको अवस्था छ।

४०. यी निवेदकले आफ्नो नाम "रुक्सना कपाली" तथा लैङ्गिक विवरण "महिला" कायम गरी एकरुपता कायम गर्न गराउन लामो प्रयास गरेको मिसिलबाट देखिएको छ। लामो समयको प्रयासको फलस्वरुप निवेदकको नागरिकताको प्रमाणपत्र लगायतका व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा निजको नाम "रुक्सना कपाली" कायम भएको देखिए तापनि लैङ्गिक पहिचानको सम्बन्धमा भने निजको कुनै कागज प्रमाणपत्रमा "महिला" उल्लेख भएको, कुनैमा "तेस्रो लिङ्गी" उल्लेख भएको देखिन्छ भने नागरिकताको प्रमाणपत्र लगायतमा लैङ्गिक विवरण "अन्य" भनी उल्लेख भएको देखिन्छ। निवेदकले दायर गरेको ०७८-WO-०९९९ तथा ०७७-WO-१२४४ रिट निवेदनहरुबाट निजको राहदानीको प्रमाणपत्र तथा मतदाता परिचयपत्रमा निज "महिला" पहिचानबाट सम्बोधन हुने लिखत पाउने गरी अन्तरिम आदेश

भैसकेको देखिए तापनि निजको नागरिकताको प्रमाणपत्र लगायतका लिखतमा हालसम्म पनि निजको लैङ्गिक विवरण "अन्य" कायम रहिरहेको देखिन्छ। यसरी रिट निवेदकको कानून बमोजिम बनेका व्यक्तिगत विवरण खुलाउने कागज प्रमाणपत्रहरुमा लैङ्गिक पहिचानमा एक भन्दा बढी संकेत रहेको देखिएको सन्दर्भमा माथि प्रकरणहरुमा विवेचित आधारमा निवेदकको नागरिकताको प्रमाणपत्र लगायत निजको व्यक्तिगत परिचय जनाउने कागज प्रमाणपत्रहरुमा लैङ्गिक विवरण "महिला" कायम हुने गरी अद्यावधि गर्न मिल्ने नै देखियो।

४१. अब निवेदकको जन्मदर्ता प्रमाणपत्र र सोको आधारमा बनेका अन्य व्यक्तिगत विवरण खुल्ने प्रमाणपत्रहरुमा उल्लेखित नाम र लैङ्गिकता सम्बन्धी विवरणको गोपनीयता कायम गर्नु पर्ने हो वा होइन? भन्ने चौथो प्रश्नतर्फ विचार गर्दा, नेपालको संविधानको धारा २८ ले गोपनीयताको हकको सुनिश्चितता गर्दै, ***"कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ"*** भनी उल्लेख गरेको छ। वैयक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ मा **प्रत्येक व्यक्तिको शारीरिक र मानसिक अवस्था सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुनेछ भन्ने र सोही दफाको उपदफा ३ मा कुनै पनि व्यक्तिलाई निजको निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान, यौनिकता... जस्ता विषयको गोपनीयता कायम राख्ने अधिकार हुनेछ** भन्ने व्यवस्था रहेको पाइन्छ। रिट निवेदक पारलैङ्गिक महिला भएको हुँदा निजको जन्मको आधारमा राखिएको नाम र लैङ्गिक पहिचान र सोही आधारमा राज्यबाट बनेका निजको वैयक्तिक विवरण खुलाउने जन्मदर्ता प्रमाणपत्र लगायतका कागजातहरुमा लैङ्गिक पहिचान महिला नजनिई फरकफरक संकेत हुँदा राज्यबाट प्रदान गर्ने बस्तु तथा सेवा लिने क्रममा सेवा प्रदायकहरुबाट आफूलाई अमर्यादित व्यवहार गर्ने र विभिन्न कानूनी अल्झन देखाई सेवा सुविधा प्रदान गर्न समेत इन्कार गरेको भन्ने रिट निवेदनको व्यहोराबाट देखिन्छ। वास्तवमा राज्यबाट प्रदान गरिने बस्तु तथा सेवा नागरिकहरुलाई छिटो, छरितो, विना भेदभाव र मर्यादित रुपमा प्रवाह गर्नु लोककल्याणकारी राज्यको जिम्मेवारी र दायित्व हो भने यसरी बस्तु तथा सेवा पाउँनु नागरिकको अधिकार हो। यसर्थ यसलाई राज्य व्यवस्थामा सुशासन मापन गर्ने एउटा सूचक रुपमा पनि लिने गरिन्छ। यस आलोकमा राज्यवाट प्रवाह हुने बस्तु तथा सेवा प्राप्त गर्ने सिलसिलामा रिट निवेदकलाई यौन अभिमुखिकरण तथा लैङ्गिक पहिचान लगायतका आधारमा भेदभाव तथा अमर्यादित व्यवहार हुनु भनेको राज्यले रिट निवेदकको मौलिक अधिकार तथा मानव अधिकारको सम्मान (Respect) नगर्नु भन्ने हुन्छ।

नेपालको संविधानको धारा २८ ले प्रदान गरेको गोपनीयताको हक र यो हकको कार्यान्वयनको लागि बनेको वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा ३ मा व्यक्तिको शारीरिक अवस्था सम्बन्धी विषयको गोपनीयता अनतिक्रम्य हुने भन्ने र व्यक्तिलाई निजी जीवनसँग सम्बन्धित जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान, यौनिकता जस्ता विषयको गोपनीयता कायम राख्ने अधिकारको प्रत्याभूति गरेको सन्दर्भमा कुनै पनि व्यक्तिले आफ्नो जैविक वा आनुवंशिक पहिचान, लैङ्गिक पहिचान तथा यौनिकता सम्बन्धी विषयहरुको गोपनियता कायम राख्न सक्ने नै देखिन्छ।

४२. यी रिट निवेदकको नागरिकताको प्रमाणपत्र लगायत निजको व्यक्तिगत परिचय जनाउने कागज प्रमाणहरुमा लैङ्गिक पहिचान "महिला" कायम हुने कुरा माथिको विवेचनाबाट प्रष्ट भै सकेको छ। यद्यपि, नागरिकका वैयक्तिक तथा सार्वजनिक सम्बन्धका कतिपय विवरणहरु राज्यबाट प्रदान गरिने सेवा तथा सुविधासँग प्रत्यक्ष जोडिने हुँदा यस्ता विवरणलाई अद्यावधिक गरी अभिलेखिकरण गर्नु मर्यादित जीवनस्तर प्रवर्द्धनको लागि राज्य व्यवस्थामा अपरिहार्य हुने हुन्छ। यस दृष्टिकोणबाट, नागरिकका विगत र वर्तमानका सम्पूर्ण अभिलेख विवरणहरु कानून बमोजिम परिमार्जन गरी गोप्यता राख्नुपर्ने राज्यको दायित्व समेत हुने हुँदा गोपनीयता कायम गरी अभिलेखको व्यवस्थापन गर्न भने सकिने नै हुन्छ। रिट निवेदकले आफ्नो पहिलाको नाम र लैङ्गिकताको खुलापनको कारणबाट समाज तथा राज्य संयन्त्रमा संलग्न व्यक्तिहरुबाट पटकपटक अपमान तथा अपहेलित व्यवहार भएको अनुभव गरेकोले आफ्नो सम्मानपूर्वक बाँच्न पाउँने हकको हनन् भएको भनी रिट निवेदनमा उल्लेख गरेको देखिंदा नागरिकको मौलिक हकको संरक्षण तथा सम्वर्द्धनमा राज्यको भूमिका अभिभावकको हुने हुँदा रिट निवेदकको नेपालको संविधानको धारा १६ तथा १८ मा प्रत्याभूत गरिएको सम्मानपूर्वक बाँच्न पाउँने हक तथा समानताको हक लगायतका अन्य हकहरुको संरक्षणको लागि निजको जन्मदर्ता प्रमाणपत्र र सो बमोजिम बनेका व्यक्तिगत विवरण खुलाउने प्रमाणपत्रहरुमा रहेको पहिलाको नाम र लैङ्गिकताको विवरणको गोपनीयता कायम गर्नु पर्ने नै देखियो।

४३. अब, निवेदन माग बमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन? भन्ने पाँचौ प्रश्नतर्फ विचार गर्दा माथि विवेचित आधार, कारण तथा संवैधानिक तथा कानूनी व्यवस्था, नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानून तथा यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट रिट निवेदकको नागरिकताको प्रमाणपत्र, शैक्षिक प्रमाणपत्र लगायत निजको व्यक्तिगत परिचय खुलाउने प्रमाणपत्रहरुमा भिन्नभिन्न जनिएको लैङ्गिक पहिचानको

विवरणलाई संशोधन गरी "महिला" कायम हुने गरी अभिलेखको विवरण अद्यावधिक गर्नू, गराउनू तथा यी निवेदकको पहिलाको नाम र लैङ्गिक विवरण अदालतको आदेश वा निवेदकको स्पष्ट लिखित मञ्जुरीबाहेक अन्य कोही कसैलाई उपलब्ध नगराई गोप्य राख्नु, राख्न लगाउनू भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशको प्रतिलिपिसमेत साथै राखी यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुलाई दिनू। प्रस्तुत आदेश विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

प्रधान न्यायाधीश

उक्त रायमा म सहमत छु।

न्यायाधीश

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली
कम्प्युटर अपरेटर : राधिका घोरासाइने
ईति सम्वत् २०८० साल कार्तिक २० गते रोज २ शुभम्.........................................।